CC-0. In Public Domain. Digitization by eGangotri

A4,5F ५८९

भूमिका

धवलागिरी अञ्चल, पर्वत जिल्ला, पत्रालय कुश्मा पाङ खुर्कोट गाउँ पञ्चायत वार्ड नं ४ रेग्मीथर डिल निवासी नव्य व्याकरण शास्त्री तथा B· A. अंग्रेजी मुख्य विषय लिइ उत्तीर्ण गरेपछि B. ed. प्रशिक्षण र कानुन अभ्यास अदालत समेत नियमित अध्ययन गरी हाल त्रिभुवन विश्व विद्यालय कीर्तिपुर काठमाण्डुमा M. A. अंग्रेजी साहित्यका छात्र तथा सानै उमेर देखि निष्ठापूर्वक गहन अध्ययन गरी ज्योतिष विषयमा गहिरो ज्ञान राख्ने उदीयमान नवयुवक श्री बलराम उपाध्याय रेग्मी ज्यूले नेपाली भाषामा लेख्नु भएको गणित, गद्य, टिप्पणी, पद्यात्मक प्रायः जसो अनुष्टुप छन्दोवद्ध विविध विषय वस्तु जो मानव जन्म स्वभावले अति आवश्यक छन्–को समावेश भएको

'स्वयं ज्योतिषी' नामक अपूर्व ग्रन्थ देखेर म अत्यन्त प्रसन्न भएं। म पनि एउटा ज्योतिःविद्याको लाभु परम्परा राख्ने विलक्षण दैवज्ञहरूको वंशमा उत्पन्न भएको र स्वय पनि ज्योतिः शास्त्र ज्ञाता एवं बाल्यकाल देखि नै अपार श्रद्धा राख्ने ज्योतिर्भक्त भएकाले यस नविन ग्रन्थलाई तीन पटक आद्योपान्त पढ़ेर यस्तो निष्कर्ष निकाल्न पुगें कि यो 'स्वयं ज्योतिषी' ग्रन्थ साधारण अनुभव र कम प्रयासको फल होइन। नेपाल मात्र होइन भारतका प्रसिद्ध महानगर दिल्ली, कलकत्ता, मद्रास तथा चण्डीगढ़ लगायत अन्य नामी शहरका अधिकांश शिक्षित परिवारहरूमा ज्योतिः विद्या सम्वन्धी विलक्षण चमत्कारले पाङको नाम नजान्ने कमै होलान।

पाङबाट ज्योतिर्विद्याको शिक्षा लिएर अनेक निष्ठावान सुप्रख्यात दैवज्ञ न केवल नेपाल र भारतमा मात्र किन्तु अन्य देश-विदेशमा पनि यस प्रत्यक्ष विद्याका सौगन्धले मात्र पवित्र भूमि पाङको अरू महत्व बढाउँदै गैरहेका छन्। पाङका निवासी प्रत्येक परिवार विशेषतः ब्राह्मण परिवार, जैसी र उपाध्यायहरूमा हजारौं वर्ष अघिबाट वंश परम्परादेखि ज्योतिर्विद्याको अध्ययन अध्यापन र प्रचार-प्रसार हुँदै आएको कुरा प्रायः सर्व विदितै छ। हाम्रो संस्कृति, सभ्यता, परम्परा, मर्यादा, सनातन, धर्म राष्ट्र गौरव र पूर्वजहरूको विश्वलाई नतमस्तक बनाउने विश्वातिशायी कीर्ति आदिका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वोत्कृष्ट मूल आधार कल्प व्याकरण, निरुक्त, छन्द र ज्योतिष शास्त्र वेदका अङ्ग हुन् । कुन शास्त्र वेदको कुन अङ्ग हो यस सम्वन्धमा—

छन्दपादौ तु वेदस्य हस्तौ कल्पोऽथ पठ्यते ।
ज्योतिषामयनं चक्षुर्निरुक्तं श्रोत मुच्यते ॥१॥
शिक्षा घ्राणन्तु वेदस्य मुखं व्याकरण स्मृतम् ।
तस्मात्साङ्गमधीत्यैव ब्रह्मलोके महीयते ॥२॥

उपर्युक्त श्लोकमा महर्षि पाणिनीले ज्योतिष (पाणिनीय शिक्षा) शास्त्र लाई नेत्र आंखो मानेका छन् । यै धारणा सर्वमान्य छ । सम्पूर्ण वेद ज्ञान स्वरूप भएकाले ज्योतिः शास्त्र पनि अखण्ड ज्ञानात्मा महेश्वरको पूर्णानन्द स्वरूप बोधक ज्ञान चक्षु हो । अतः वेद स्वरूप पूर्ण ब्रह्म महेश्वरको काष्ठा प्राप्त सीमातीत आनन्द प्राप्त गर्न ज्ञानमय वेदको चक्षु ज्योतिर्महा विज्ञानको अध्ययन परम आवश्यक छ । विश्वको सम्पूर्ण खगोल मण्डल अपरिमित अपार र अक्षय ऊर्जाको स्रोत हो । त्यस खगोल मण्डलका अनन्त ग्रह नक्षत्र-ताराहरूमा सम्पूर्ण ब्रह्माण्डलाई आफ्नु प्रभावमा पार्ने वैयक्तिक विलक्षण शक्ति पुञ्जहरू छन् । सूर्य, सोम, भौम, वुध, वृहस्पति, शुक्र, शनि, राहु र केतु यी नव ग्रह खगोलीय समस्त प्रकाश पुञ्जहरूका नियन्त्रण विशाल एवं प्रबलतम ऊर्जाका महान राशिहरू हुन् । समस्त ब्रह्माण्डान्तर्गत उर्ध्वलोक भूः भूवः, स्वः महः, जनः तपः, सत्यम् यी सात र अधोलोक अतलम्, वितलम्, सुतलम्, तलातलम् महातलम्, रसातलम्, पातालम् यी चौध लोकमा उक्त नौ ग्रहहरूको व्यापक प्रभाव पर्दछ । सानु क्षेत्र भूगोल मण्डलका विविध प्राणी, नाना धातुका खनिजहरू र लता गुल्म वनस्पतिहरू कुन खेतका मूला हुन र ? चर-अचर सम्पूर्ण जगतको जन्म, स्थिति, उत्कर्ष, अपकर्ष, सुख, दुःख क्षीणता र मृत्यु, यी सबै ग्रहहरूका विलक्षण प्रभाव संग सम्बन्धित हुन्छन् । उपर्युक्त आठ अवस्थाका भूत, भविष्यत् र वर्तमान स्थितिहरूको यथार्थ ज्ञान गराउने एक मात्र साधन ज्योतिर्महा विज्ञान हो । यति मात्र होइन,–मृत्यु पश्चात्-का समस्त घटना कल्याणकारी या अकल्याणकारी लोकहरूको प्राप्ति, कर्मानु-रूप विभिन्न पाञ्चभौतिक देहहरूको प्राप्ति, पूर्व जन्म, पूर्व कर्म, पूर्व विद्या आदि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जन्म जन्मान्तरका विचित्र स्थितिहरूको वोध पनि यसै ज्योतिष' महाविज्ञान ले गराउन सक्दछ। यस महाविज्ञानका तीन रूप छन–संहिता सिद्धान्त र होरा। प्रस्तुत ग्रन्थ स्वयं ज्योतिषी'मा लेखकले तीनै विषयमा पूर्णतया दृष्टि दिएको पाइन्छ। यस ग्रन्थमा कुण्डलीहरू बनाउने, ग्रहदशा हेर्ने, व्रतवन्ध, विवाह, परि आउने संस्कारमा कुनै आशौच परेमा उपाय आदि। संक्षिप्तमा यो भन्न सकिन्छ कि जन्मेर हुर्किकन—व्रतवन्ध-विवाह लगायत छोरा छोरी पाउने र छोरा छोरी नहुनेलाई के उपाय गर्दा सन्तान हुन्छन् त्यति सवै काम यो एउटै पुस्तकबाट गर्न सकिन्छ। मुख्यतः कुण्डली प्रकरण, अन्तर्दशा प्रकरण, ग्रह दशा प्रकरण संस्कार प्रकरण, शुभाऽशुभ प्रकरण, मुहुर्त प्रकरण, तथा अन्त्यमा उपाय शान्ति प्रकरण र पुस्तकको समाहार आदि। तरह तारले होला प्रकरण शीर्षक कतै छन, कतै छैनन, आखत हेर्ने विचार'मा चित्र शंकेत छूट भए छ। आगामी संस्करणमा उक्त अभावको पूर्ति हुने छ भन्ने आशा गरिन्छ। मेरो विचारमा यो ग्रन्थ प्रत्येक परिवार या घरमा राख्ने योग्य छ। शिवम।

आचार्य पूर्ण चन्द्र ढुंगेल
व्याकरण–न्याय–ज्योतिष–वेदान्त
सांख्ययोग, पुराणेतिहास साहित्याचार्य
लब्धानेक–स्वर्ण पदक व्याख्यान
वाचस्पति।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सम्मति

महोपाध्याय विद्वद्वर्य पण्डित शेषराज शर्मा रेग्मी
भूतपूर्व नेपाली विभाग, काशी हिन्दू विश्वविद्यालय
भू. पू. त्रिभुवन विश्वविद्यालय काठमाण्डु ।

पण्डित श्री बलराम उपाध्यायज्यूले लेख्नु भएको स्वयं ज्योतिषी' नामक ग्रन्थको मैले अवलोकन गरें। यो ग्रन्थमा फलित ज्योतिषका कुण्डली प्रकरण सम्वन्धि, लग्न स्पष्ट, अष्ट कुण्डली चिना लेख्ने विधि, नवग्रह स्पष्ट, योगिनी त्रिभागी, वंशोत्तरी, अन्तर्दशा योग, योग चक्र, घडेरीको माटो लगायत आखत हेर्ने, मुहूर्त विचार, योग, विवाहका आठकूट विचार, संस्कार समेत सबै विषयहरूको खुलस्त गरिएको छ। व्यवहारमा परि रहने ज्योतिषका धेरै जसो उपयुक्त विषयहरूको सपरिश्रम तैयार गरिएको यो एकै ग्रन्थबाट ज्योतिषका जिज्ञासु र जानकारहरूलाई समेत पर्याप्त सहायता मिल्ने कुरामा विश्वासको साथ म यस ग्रन्थ रत्नको सुप्रचारको कामना गर्दछु।

सं. २०४१ चैत्र पूर्णिमा
वाराणसी

मन्तव्य

नेपालको पश्चिमाञ्चल प्रदेश पर्वत प्रान्त पाङमा धेरै समय देखि ज्योतिषको गहिरो अध्ययन अनुसन्धान हुदै गरेको सुनिएको हो र जातक शास्त्रमा यहांका ज्योतिषीहरू देश विदेशमा प्रसिद्ध छन। ज्योतिष शास्त्रको महत्व वेदको अङ्ग हुनाले स्वतः सिद्ध छ। 'ज्योतिषामयनं चक्षु' भनेर यस शास्त्रलाई भनिएको कुरामा मेरो थप विचार के छ भने यो चक्षु हो। यसबाट ईन्द्रियका विषयमा न रहेका पद पदार्थहरूको ज्ञान हुन सक्दछ। चक्षुष ज्ञान भन्दा चर्म चक्षुको ज्ञान अभिप्रेतछ। ज्योतिषबाट ता चक्षुको संयोग नभए पनि ज्ञान हुन्छ। यस्तो उदात्त विषयको जति पनि प्रशंसा थोरै नै हुन्छ। यस विषयको अनुसंधान एवं विश्लेषण गरी सानै उमेरमा ज्यो. पं. बलराम उपाध्याय आफ्नो जन्म भूमि पाङको गौरव बढाउने स्वयं ज्योतिषी नामक ग्रन्थ लेखी समाजको अगाडि आउनु भएकोमा उहांको कदर एवं प्रशंसा गर्नु हाम्रो कर्तव्य हुन जान्छ।

पं. जुनानाथ
२०४१-८-९ शनिवार
लाजिम्पाट काठमाण्डौ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मन्तव्य

हाम्रो पश्चिमाञ्चल प्रदेशमा पर्वत जिल्ला अन्तर्गत पाङ स्थान प्राचीन काल देखि नै ज्योतिष शास्त्रको गहन अध्ययन गरिने स्थान रही आएको छ। यहांका विद्वानहरूले आंफूसित पढ्न आउने विद्यार्थीहरूलाई निशुल्क आफ्नो घरमा नै वसोवास दिएर पढाउने गरेको लामो इतिहास छ। हिजो आज भन्दा केही वर्ष अगाडि पाङका गुरु श्री रमाकान्त [हाल स्वर्गीय] र गुरु श्री हरिदत्त [उहां पनि हाल स्वर्गीय] बर्तमान ज्योतिषी धुरन्धर गुरु श्री तोयनाथ ज्यू त्यस्तै गुरु श्री यदुनाथ उपाध्याय पाङ खरिवोट, उहांहरूको घरमा वसेर विद्यार्थीहरू ज्योतिष शास्त्रको अध्ययन गरेको मैले पनि थाहा पाएकै कुरा हो। त्यस्तै ज्योतिष विद्यादान गर्ने एक कुलका ज्यो. पं. श्री बलराम उपाध्याय ज्यूले लेखेको यो 'स्वयं ज्योतिषी नामक पुस्तक हेर्ने अवसर मैले पायें। ज्यादै खुसी लाग्यो। यो ग्रन्थ मुख्यतः होरा स्कन्ध अर्थात् जातकको ग्रन्थ हो तापनि यसमा सिद्धान्त स्कन्ध र संहिता स्कन्धका अत्यन्त उपयोगी र आवश्यक विषयको समावेश भएको छ। कुटुम्व्या [कुटुम्वहा योग, आखत हेर्ने विचार [अक्षतारिष्ट] घडेरीको माटो हेर्ने [गृह मृत्तिका] विचार जस्ता अप्रकाशित पाखा कुनामा ज्योतिषीहरूको मुखमा मात्र रहेका विषयहरूलाई सचित्र राखिदिनु पुस्तकको विशेषता छ। हाम्रो हराउन लागेको ज्योतिष ज्ञानलाई सुरक्षित पार्ने प्रयास गरेको पाइन्छ। वेद नै हाम्रा मूल शास्त्र हुन् जसमा यज्ञको विधान गरिएको छ। यज्ञहरू कुनै काल [समय] मा नै हुन्छन् त्यो कालको ज्ञान ज्योतिष द्वारा नै हुन्छ। जस्ले ज्योतिष जान्दछ त्यसैले सबै कुरा जान्न सक्दछ अर्थात् ज्योतिष विज्ञानको अभावमा श्रौतस्मार्त कर्महरू सिद्धहुन सक्दैनन् त्यसकारण यो अत्युत्तम विज्ञान हो। बेदरूपि भगवानको ज्योतिष शास्त्र आंखो भएकोले मजूर बिनाको मयूर, मणि विनाको सर्प, गज मौत्तिक विनाको हस्तीलाई जस्तो शोभा नै हुंदैन, त्यस्तै १४ शास्त्र मध्ये ज्योतिष शास्त्रको अध्ययन नगरे सम्म आंखो भए पनि अन्धो नै कहलाउँछ। अतः हाम्रो जीवनमा महत्वपूर्ण स्थान राख्ने ज्योतिष शास्त्रको सामान्यज्ञान प्रत्येक मानिसलाई हुनै पर्छ आज कुन वर्ष, कुन महीना, कुन पक्ष, कुन तिथि कुन बार हो, यसको ज्ञान पनि नहुनु न्यूनताको द्योतक हो। यो सबै ज्ञान ज्योतिष शास्त्रको विषय हुनाले नै ज्योतिष शास्त्रको महत्व स्पष्ट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छंदै छ । अन्त्यमा, ज्यो. पं. बलराम उपाध्याय ज्यूले ज्योतिषमा अझै पनि उत्कृष्ट केही योगदान दिनु हुने छ । म उहांको सफलताको हार्दिक कामना गर्दछु साथै विद्वानहरूले यो ग्रन्थ चिहाइ दिनु हुनेछ भन्ने आशा एवं अनुरोध गर्दछु ।

दुर्गा प्रसाद दवाडी
२०४१।८।८
दर्शन विभागाध्यक्ष
वाल्मीकी क्याम्पस,
त्रिभुवन विश्व विद्यालय
काठमाण्डु ।

मन्तव्य

'स्वयं ज्योतिषी' नामक पुस्तक प्रकाशनमा ल्याउन खोजिएको पाण्डु लिपि हेरें । खुसी लाग्यो । यस पुस्तकले प्रत्येक नेपाली समाजलाई ज्योतिष तर्फबाट आइपर्ने समस्या-समाधान एवं शास्त्र मर्यादाले आफ्नो काम गर्नमा सहायता दिनेछ भन्ने मलाई लाग्यो । भविष्यमा पनि लेखक बलराम उपाध्यायज्यूलाई यस्ता व्यावहारिक किताबहरू लेख्ने प्रेरणा ईश्वरले सदा प्रदान गरुन । धन्यवाद

डम्बर बहादूर मल्ल
रा: पं. स. [पर्वत]

मन्तव्य

ज्यादै मिहिनेतबाट तयार गरिएको 'स्वयं ज्योतिषी' भन्ने पुस्तक प्रस्तुत गर्नु भएको हेरियो । यस पुस्तकबाट प्रत्येक व्यक्तिले आफ्नो जीवनमा चाहिने ज्योतिषको काम समेत यस पुस्तकबाट लिन सक्ने देखिन्छ । अतः पुस्तकको प्रशंसा गर्नु पर्ने देखिन्छ । साथै लेखकको सफलताको कामना गर्दछु ।

क्षेत्र बहादुर गुरुङ
सभापति
रा. पं. [पर्वत]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मन्तव्य

ध. अ. अन्तर्गत पर्ने पर्वत जिल्ला पाङ खु. गा. पं. रेग्मीथर निवासी श्री वलराम उपाध्यायले लेख्नुभएको 'स्वयं ज्योतिषी' नामको मूल पाण्डु लिपि हेरें। संस्कृत भाषामा लेखिएको ज्योतिष शास्त्र जस्तो गहनतम विषयलाई सर्व साधारणले बुझ्न सक्ने गरी नेपाली पद्य तथा स्पस्टार्थ गद्यमा र गणित समेत प्रयोग गरी मिश्रित रूपमा लेखी तयार गरिएकोमा लेखकको ठूलो परिश्रम यस्मा देखिन्छ। यस पुस्तकबाट जन समाजलाई राम्रो सहयोग पुग्ला भन्ने मलाई विश्वास छ। अन्त्यमा लेखकको प्रशंसा गर्दै सफलताको कामना गर्दछु।

युवराज गौतम
प्र. जि. अ. बाग्लुङ

मन्तव्य

पार्वतीको जन्मस्थान मानिएको र हाल ज्योतिष विद्यामा निकै चर्चित यस पाङ खु. गा. पं. रेग्मीथरमा जन्मनु भएका ज्योतिषी श्री बलराम उपाध्यायले लेख्नु भएको प्रस्तुत 'स्वयं ज्योतिषी' नामको पुस्तकको पाण्डु लिपि अवलोकन गर्ने मौका पाये। प्रस्तुत पुस्तक संस्कृतमा अल्पज्ञान भएका जन साधारणलाई उपयोगी देखिनुका साथै ज्यादै सामयिक लाग्यो। यसबाट ज्योतिषलाई जान्न चाहने प्रत्येक व्यक्तिलाई निकै सघाउ पुग्ने देख्दछु। अन्तमा लेखकको परिश्रमको प्रशंसा गर्दै पाठकहरूले यस पुस्तकलाई रुचाई लेखकलाई अझै अगाडि बढ्ने हौसला मिल्नेछ भन्ने आशा एवं विश्वास गर्दछु।

नारायण प्रसाद लंसाल
२०४१।७।१५
प्र० जि० अ० (पर्वत)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्राक्कथन

ज्योतिष शास्त्र अति प्राचीन भैकन अत्याधुनिक र आफैंमा पूर्ण र सत्य छ। ज्योतिः, ज्योतिष जे भने पनि दुवैको अर्थ दृष्टि तथा नजर हुन्छ। दृष्टि, दृष्टि भएकालाई सधैं सांचो र सत्य छ। दृष्टि नै नभएका आंखा विहीन व्यक्तिलाई झूटो, किन आंखा छैनन् देख्दैन, अनुभवले भएको सिद्ध कुरा मान्न तयार छैन। उल्लु (लाटो कोसेरा) लाई सूर्य कहिल्यै पनि छैन तर सूर्यका किरण त्यसमाथि सधैं पर्छन। गर्मी सर्दी भएकै छ चाहे 'छ' सोचोस चाहे 'छैन'। त्यस्तै यस दुनियांमा विद्यमान जे जति दृश्यादृश्य पदार्थ छन,—सबैको अध्ययन १४ शास्त्रहरूमा नै सिद्धिइन्छ। ज्योतिष चौध शास्त्र मध्येको सर्व श्रेष्ठ विद्या हो जो आफू सहित अरू तेह्रै शास्त्रको कुरालाई जे देख्यो स्पष्ट बताई दिन्छ। यो ज्योतिषका पनि हांगा बिगा छन १. सिद्धान्त २. संहिता ३. होरा—आकाशीय नवग्रह सूर्य चन्द्रादि सम्पूर्ण खगोल पदार्थको अध्ययन सिद्धान्त, त्यसको सामूहिक प्रभाव संहिता तथा व्यक्ति-व्यक्तिमा पर्ने छुट्टै प्रभावको अध्ययन होरा शास्त्र हो। होरा शास्त्रलाई फलित ज्योतिष पनि भनिन्छ। आजकल सिद्धान्त ज्योतिषज्ञहरू फलित ज्योतिष प्रति विशेष गरेर नेपालमा कमै चांसो राख्दछन, उनीहरूको तर्कमा फलित ज्योतिष सत्य उत्रंदैन उचित प्रतीत हुंदैन। २+२=४ सिद्धान्तमा अध्ययन गरिन्छ भने ४ लाई कर्क लग्न मानेर फलितमा अर्थ गरिन्छ। यस अर्थले सिद्धान्त जरो (Root) संहिता (Branch) हांगा तथा फलित या होरा शास्त्र (Fruit) फल हुन आउँदछ। विचार गरौं 'छिन्ने मूले नैव शाखा न पत्रम' त भैहाल्छ। यी तीनै अंग प्रत्येकमा आफै पृथक रूपमा पूर्ण छैनन, तीनै विषयको पारस्परिकता हुनै पर्दछ, भएकै छ।

सिद्धान्तले नदिए फलितले के भन्छ? रूखै नभैकन फल कहाँ लाग्छन हांगा बिनाको रुखै कस्तो? फल बिनाको रुखै कस्तो? उन्यौं जस्तो, सा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

के ? त्यसकारण प्रत्येक जिज्ञासु व्यक्तिले त्रि स्कन्ध ज्योतिष अर्थात तीनै खण्डको अध्ययन गर्नुपर्दछ । फलित ज्योतिषमा सम्पूर्ण नवग्रह तथा नक्षत्र, तिथ्यादिको मनुष्यको गर्भावस्थादेखि लिएर मृत्यु प्रयन्तका सत्यासत्य घटना-हरूको विवेचन गरिन्छ । यस्तो गम्भीर अनन्त ज्ञान भण्डार सागरमा हामी अल्पायु प्राणी के कति नै गोता लगाउन सक्छौं र ? छोटा जिन्दगीका क्षणमा जे जति कोटचाउन सक्यो कोटचाउने हो नाली वेन्री गर्ने हाम्रो जिन्दगीले नै पुग्दैन । त्यस्तै २०३१ सालदेखि हाल तक प्रयास गर्दा जे जति कुरा मैले कोटचाउन सकें यो सानो ग्रन्थ 'स्वयं ज्योतिषी' प्रस्तुत छ । नौ दश महीना-बाट निरन्तर यसको प्रकाशनको लागि चर्चा, प्रसंग गर्दा गर्दा, सहयोग माग्दै हिड्दा, प्रकाशन हुन सक्यो । जल विन्दु निपातेन् गर्दै गर्दै अन्त्यमा भरिने वेलामा पं. लक्ष्मी नारायण शास्त्री बनहरिदाङ ज्यूको रु. १०००।- को सहयोग उल्लेख-नीय छ, यति दौड धूप गरी सकेर प्रेसमा चक्कर लगाउँदा काठमाण्डुमा कुनै प्रेस वालाहरू तयार देखा परेनन । लागियो बनारस तर्फ कुनै एक प्रेसमा एक महीना १५ दिन धाउँदा धोका बाहेक केही हात लागेन, मूल पाण्डु लिपिको केही अंश पनि गुमाउनु पऱ्यो बीचमा नेपाल ओहर दोहर चक्कर पऱ्यो यतिका बीचमा जे जति रकम उठेको थियो त्यो त अघियें भैहाल्यो अब के गर्ने ? हिम्मत सम्हालेर आफन्तहरूसंग काम लिउँ फिर्ते सहयोग भए पनि भन्दा निरासा बाहेक अरू केही मिलेन । जसले भरपुर पुस्तक प्रकाशनको लागत बेहोरिदिने आश्वासन दिएका थिए कहाँ पुगेपछि फर्कंदा भेटिन मुरी गुमाएर मानामा ज्यान नै गराइदिए उधारो धन्यवाद छ तिनीहरूलाई पनि । अन्त्यमा एक मात्र आशा र भरोसा गरेर बनारसबाट सिधा ना. शु. श्री माधव प्रसाद गौतम शास्त्री ज्यूसंग पुगें, यता प. श्री भागवत प्रसाद गौतम शास्त्री ज्यू संग जीवन सहयोगी सुनीता रेग्मीलाई पठायें उहांहरू दुवैले क्रमश: १०००।= र १७००।= को नगद जुटाइ प्रकाशन र प्रकाशक कै जिम्मा लिनु भयो, धेरै हलुंगो अनुभव भयो । उहां प्रकाशक द्वय गौतम दाजुहरूमा एक मुष्ट, एकै खेपमा धन्यवाद छ, अगाडि पनि उहांहरूको सहयोग पाइ अरु केही ग्रन्थहरू प्रकाशन हुँदै गर्नान् आशा गर्दछु ।विग्रेको मेसो सपार्दा ४ चार महीना पूरा लाग्यो, । जेहास प्रकाशन हुन सक्यो खुसी नै छ । यस उप्रान्त बहुमूल्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

समय दिई भूमिका तैयार गर्नु हुने आचार्य पूर्ण चन्द्र गुरु, मन्तव्य-सम्मतिको लागि आचार्य दवाडी गुरु तथा बौद्धिक क्षेत्रमा सहयोग गर्नु हुने प्राध्यापक श्री राजाराम सुवेदी ज्यू साथै मायालु स्नेह प्रेरणा दिने प्रो० त्रिलोक चन्द्र मजुपुरीया ज्यू विभाग [विज्ञान] त्रि. वि. वि. तथा वयोवृद्ध महामहोपाध्याय विद्वान आचार्य शेषराज शर्मा रेग्मी गुरु, भू. पू. त्रि. वि. वि. तथा काशी हिन्दु विश्वविद्यालय अवकाश प्राप्त । ७७ वर्षको उमेरमा पनि उहाँबाट प्रुफरीडिङमा ठूलो सहयोग मिल्यो, उहाँहरू जस्तो विद्वान वर्गबाट वरद आशीर्वाद नै यसपाली र आगामी जीवनलाई मिलेको प्रेरणा प्रति सादर आभार प्रकट गर्दछु । आगामी जीवनका पाइलामा पनि अहिलेका झैं प्रेरणा शुभकामना पाउने आशा गर्दै छु । यस वाहेक आफ्नो अमूल्य समय निशुल्क ज्योतिष विद्या पढाउनमा समर्पित गर्ने मेरा वयोवृद्ध गुरु ज्यो. पं. यदुनाथ उपाध्याय पाङ खरिवोट [पर्वत] ज्यू को त ऋणी छंदै छु । अन्त्यमा बनारस बसाइको अवधिमा आवास तथा अन्य सहयोगी हुँदै आउनु भएका आचार्य तारा सुवेदी ज्यू भोजपुर, तथा सहयोगी मित्र दाजु श्री तुलसीराम पौड्याल शास्त्री [पर्वत] मा धन्यवाद छ । यसबाहेक सहयोगी मित्र विष्णु, नवराज गुरुंग, सहपाठी ऋषिकेश तिवारी, कार्की ज्यू तथा सहयोगी मित्र श्री युवराज खाती सभापति स्व० वि० यू० कीर्तिपुरमा हार्दिक धन्यवाद छ । शेष मुद्रण वा प्रमाद र हतारवश हुन आउने त्रुटी अस्वाभाविक होइन, विज्ञपाठक वर्गबाट संचाइ हेरि दिनु हुन अनुरोध गरिन्छ । प्रस्तुत ग्रन्थमा चाहिने अरु थप सुझाव स्वागत छ, द्वितीय संस्करण परिमार्जित र विस्तृत गरौंला । आखत हेर्ने विचार शिर्षकमा चित्र दिन समयको हतारले सकिएन, जिज्ञासुको लागि पत्राचारबाट पुऱ्याउला ।

लेखक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषय-सूची

विषय	पाता संख्या
मंगलाचरण	१
राशि परिचय	२
नक्षत्र परिचय	३
लग्न भोग्य चक्र	४
लग्न स्पष्ट नियम	४
लग्न स्पष्ट	५
चन्द्र स्पष्ट विधि	१२
बालकको नाम जुराउने	१३
लग्न-कुण्डली निर्माण	१६
चन्द्र या राशि-कुण्डली निर्माण	१७
होरा कुण्डली निर्माण	१८
द्रेष्काण कुण्डली निर्माण	२०
नवांशक कुण्डली निर्माण	२१
सप्तांशक कुण्डली निर्माण	२२
द्वादशांशक कुण्डली निर्माण	२३
त्रिशांशक कुण्डली निर्माण	२४
होरा ज्ञान चक्र	२५
द्रेष्काण चक्र	२५
नवमांश-सप्तांशक ज्ञान चक्र	२६
द्वादशांशक-त्रिशांशक ज्ञान चक्र	२७
कुण्डली लेख्ने व्यहोरा	२८
गतकलि, शेष कलि ने. स. शाके इशवीय सन ल्याउने तरीका	३०
आफ्नो अन्तिम ति. मि. नि. तरीका	३१
जन्म कुण्डली परीक्षा	३२
योगिनीमा मंगलाको अन्तर्दशा	३३

विषय	पाता संख्या
पिंगलाको अन्तर्दशा	३५
धान्याको अन्तर्दशा	३७
भ्रामरीको अन्तर्दशा	३९
भद्रिकाको अन्र्दशा	४१
उल्काको अन्तर्दशा	४३
सिद्धाको अन्तर्दशा	४५
शंकटाको अन्तर्दशा	४७
त्रिभागी दशा ज्ञान	४९
त्रिभागीमा सूर्यको अन्तर्दशा	५०
चन्द्रमाको अन्तर्दशा	५
भौमको अन्तर्दशा	५५
राहुको अन्तर्दशा	५७
बृहस्पतिको अन्तर्दशा	६०
शनिको अन्तर्दशा	६२
बुधको अन्तर्दशा	६५
केतुको अन्तर्दशा	६८
शुक्रको अन्तर्दशा	७०
विंशोतरीय सूर्यका अन्तर्दशा	७३
चन्द्रमाको अन्तर्दशा	७५
मंगलको अन्तर्दशा	७८
राहुको अन्तर्दशा	८०
बृहस्पतिको अन्तर्दशा	८३
शनिको अन्तर्दशा	८५
बुधको अन्तर्दशा	८८
केतुको अन्तर्दशा	९०
शुक्रको अन्र्दशा	९३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषय	पाता संख्या
अष्टोत्तरी दशा चक्र	९५
शतायु दशा चक्र	९८
विंशोत्तरीय खण्डदशा चक्र	१०१
व्रतवन्ध जुराउने	१०४
व्रत वन्ध लग्न ग्रंथी	१०५
विवाह जुराउने	१०६
विवाह लग्न ग्रन्थी	१०७
आठ कूट विचार	१०८
राशि वर्ण विचार	१०९
वश्य, तारा, योनि विचार	११०
गण विचार	१११
राशि या भकूट विचार	११२
वर्गकूट विचार	११२
मंगल्या योग, मंगल परिहार	११३
नाडी विचार	११४
नाड़ी दोष परिहार, साढे शाती विचार	११५
कुटुम्व्या योग, सन्तान विचार	११६
सन्तानोपाय	११८
ग्रह उच्च नीच, ग्रह पुरुष स्त्री योगिनी दशा	१२१
योगिनी दशास्वामी, घातक वार नक्षत्र विचार	१२२
तिथि, तिथि घातक, लग्न घातक विचार	१२३
चन्द्रघातक, शुभाऽशुभ तिथि विचार	१२४

विषय	पाता संख्या
योगिनी व स, भद्राको वास विचार	१२५
साहित गर्दा प्रश्न लग्नतः	
रोग विचार	१२६
आखत हेर्ने विचार	१२७
घडेरीको माटो हेर्ने	१३२
भाव प्रश्न विचार	१३४
पेशा निर्णय	१३७
ग्रह मैत्री विचार	१३८
नारद वास, (मुद्दा हार जीत विचार)	१३९
नाडी दोष, पर्व-योग विचार	१४०

[अब ग्रहदशा फलाऽध्याय]

योगिनी मं. पि. धान्या दशाफल	१४८
भ्रामरी-भद्रिका-उल्का दशाफल	१४९
सिद्धा-शंकटा, त्रिभागी सू. चं. दशाफल	१५०
भौम, राहु-गुरु-शनि दशाफल	१५१
बुध-केतु-शुक्र दशाफल	१५२
विंशोत्तरीय सूर्य-चन्द्र-भौम दशाफल	१५३
राहु-गुरु-शनि दशाफल	१५४
बुध-केतु-शुक्र दशाफल	१५५
ग्रह जाती-ग्रह वर्ण ज्ञान	१५६
ग्रह स्वामी ज्ञान	१५७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विषय	पाता संख्या
[अब मुहूर्त प्रकरण]	
वृक्षारोपण मुहूर्त	१५७
पशुको गोठ सार्ने, सिलाई र दोकान खोल्ने	१५८
औषधि खाने-जागीर खोज्ने मुहूर्त	१५८
जागीरमा स्थायी हुने, चुली पार्ने	१५९
जन्म र नाम राशि निर्णय	१५९
तेल घस्ने, तेल लगाउने परिहार	१६०
पशु किन्ने बेच्ने, ऋण लिने र दिने मुहूर्त	१६०
ऋण दिन्न, किन्ने बेच्ने मुहूर्त, अन्धा नक्षत्र	१६१
चोरी भएको माल गएको दिशा	१६२
अन्धादि नक्षत्रको फल, ग्रह शान्ति प्रकरण	१६२
चन्द्र-मंगल-बु. वृ. शु. श. रा. केतुको वैदिक मन्त्र	१६३
नवग्रह तान्त्रिक मन्त्र-सू. चं. मं. बु. गु. को दान जप	१६४
शु. श. रा. केतुको दान, दुष्ट पंचांग दान	१६५
योगिनी तान्त्रिक मन्त्र, योगिनी ग्रह जप संख्या	१६६

विषय	पाता संख्या
शप्तशती-शक्ति मन्त्र	१६७
सम्पूर्ण २४ गायत्री	१७५
मृत संजिवनी मन्त्र, रुद्राऽभिषेक विधि	१७६
सप्तशती पाठ गर्ने विधि	१७७
उत्तम पाठ विधि, साप्ताहिक चण्डी पाठ	१७९
[परिशिष्ट प्रकरण]	
विंशोत्तरीय दशान्तदर्शी ज्ञान	१८०
विंशोत्तरीय दशा प्रमाण, शतायुदशा-प्रमाण ज्ञान	१८१
अष्टोत्तरीय दशा ज्ञान-अष्टोत्तरी दशा प्रमाण	१८२
जन्म लग्न परीक्षा	१८३
भुक्त-भभोग ज्ञान-चालन ज्ञान	१८४
ग्रह स्पष्ट नियम	१८५
सूर्यको स्पष्ट	१८६
मंगल-बुधको स्पष्ट	१८७
वृहस्पति-शुक्रको स्पष्ट	१८८
शनि-राहुको स्पष्ट	१८९
प्रमुख सहायक ग्रन्थ	१९१
चन्द दाता नामावली	१९२

□

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वयं ज्योतिषी

मङ्गलाचरण

स्वच्छै ब्रह्म विचार सार तिमि छयौ आद्या जगत्व्यापिनी ।
वीणा पुस्तक धारिणी तिमि भयौ जड्ता विनाशीदिनी ॥
हातमा स्फाटिक आसनै पदमका लीएर बस्ने भयौ ।
जो काव्यादि विशिष्ट शक्ति तिमिले लाखौं कवीमा दियौ ॥

[१]

कालीदास-कविन्द्र-काव्य रचना-संसारमा फैलिए ।
जो जो शक्ति मिल्यो लिएर उनले संसारलाई दिए ॥
टिप्नू पोल्नु सिवा उधार दुनियाँ चल्दै छ यो धुक्धुकी ।
यन्त्रैको रुपमा मुट्टू छ धमनी घुम्दै छ संसार् यही ॥

[२]

देऊ शक्ति मलाइ जो अघि दियौ काव्यत्वको क्षेत्रमा ।
थालें लेखन यो समाज सबको आओस् भनी काममा ॥
अल्पै ज्ञान हुँदा अपार गहिरो यो शास्त्रको क्षेत्रमा ।
होलान् त्रूटि अवश्य सिद्धि दिनुहोस् आशा छ हे शारदा ॥

[३]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राशि-परिचय

१	मेष	चू.	चे.	चो.	ला.	ली.	लू.	ले.	लो.	अ.
२	वृष	इ.	उ.	ऐ.	ओ.	वा.	वी.	वु.	वे.	वो.
३	मिथुन	का.	की.	कू.	घ.	ङ.	छ.	के.	को.	ह.
४	कर्क	ही.	हू.	हे.	हो.	डा.	डी.	डू.	डे.	डो.
५	सिंह	मा.	मी.	मू.	मे.	मो.	टा.	टी.	टू.	टे.
६	कन्या	टो.	पा.	पी.	पू.	ष.	ण.	ठ.	पे.	पो.
७	तुला	रा.	री.	रु.	रे.	रो.	ता.	ती.	तू.	ते.
८	वृश्चिक	तो.	ना.	नी	नू.	ने.	नो.	या.	यी.	यू.
९	धन	य.	यो.	भा.	भी.	भू.	ध.	फ.	ढ.	भे.
१०	मकर	भो.	ज.	जी.	खी.	खू.	खे.	खो.	ग.	गी.
११	कुंभ.	गू.	गे.	गो.	सा.	सी.	सू.	से.	सो.	द.
१२	मीन.	दी.	दू	थ.	झ.	ञ.	दे.	दो.	चा.	ची.

टिप्पणी—उपर्युक्त राशि १२ नै हुन्छन् । जसको जन्म नामको पहिलो अक्षर जुन जहां छ त्यही नै राशि उसको हुन्छ । जस्तै-चूडामणि को 'चू' नं १ मा पर्‍यो, त्यसकारण मेष राशि भयो, यसै गरी क्रमशः बुझ्नू । दीर्घको ह्रस्व, ह्रस्वको दीर्घ, सले श ष स जुन भने पनि हुन्छ । (मानसागरी)

नक्षत्र-परिचय

१	अश्विनी	चू.	चे.	चो.	ला.
२	भरणी	ली.	लू.	ले.	लो.
३	कृत्तिका	अ	इ.	उ.	ए.
४	रोहिणी	ओ.	वा.	वी.	वू.
५	मृगशिरा	वे	वो.	का.	की.
६	आर्द्रा	कू.	घ.	ङ.	छ.
७	पुनर्वसु	के	को.	हा.	ही.
८	पुष्य	हू.	हे.	हो.	डा.
९	अश्लेषा	डी.	डू.	डे.	डो.
१०	मघा	मा,	मी,	मू.	मे.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

११	पूर्वा.फा.	मो.	टा.	टी.	टू.
१२	उत्तरा फा.	टे	टो.	पा.	पी.
१३	हस्त	पू.	ष.	ण.	ठ
१४	चित्रा	पे.	पो.	रा.	री.
१५	स्वाती	रु.	रे.	रो	ता.
१६	विशाखा	ती.	तू.	ते.	तो.
१७	अनुराधा	ना.	नी.	नू.	ने.
१८	ज्येष्ठा	नो.	या.	यी.	यू.
१९	मूल	ये.	यो.	भा.	भी.
२०	पूर्वाषाढा	भू.	धा.	फा.	ढ.
२१	उत्तराषाढा	भे.	भो.	जा.	जी.
२२	श्रवण	खी.	खू.	खे.	खो.
२३	धनिष्ठा	गा.	गी.	गु.	गे.
२४	शतभिषा	गो.	सा.	सि.	सु.
२५	पू. भाद्रपदा	से.	सो.	दा.	दी.
२६	उ. भाद्रपदा	दू.	थ	झ.	ञ.
२७	रेवती	दे.	दो.	चा	ची.
२८	अभिजित	जू.	जे.	जो.	खा

टिप्पणी—उपर्युक्त २८ नक्षत्र कहिएका छन्, जसको जन्म-नाम जुन अक्षर पर्दछ, त्यो नक्षत्र चक्रमा जहां मिल्छ, उसैको बायां नं० नक्षत्र उसको पर्छ, जस्तै:—जूनानाथ कसैको नाम रहेछ 'जू' को बायाँ २८ छ। अभिजित् नक्षत्र भयो, त्यस्तै अन्य संझनू। "बृहज्ज्योतिषसार"

लग्न भोग्य चक्र

	(क)	(ख)	(ग)	(घ)	(ङ)	(च)
	लग्नहरू	पुराना मानहरू	भोग्य	नयाँ मान	भोग्य	महीना
१	मेष	२३७	३।५७	२३८	३।५८	वैशाख
२	वृष	२८५	४।४५	२३७	३।५७	ज्येष्ठ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

	लग्नहरू	पुराना मानहरू	भोग्य	नयाँमान	भोग्य	महीना
३	मिथुन	३३१	५१३१	३३२	५१३२	आषाढ
४	कर्क	३४८	५१४८	३४८	५१४८	श्रावण
५	सिंह	३४५	५१४५	३५५	५१५५	भाद्र
६	कन्या	३४२	५१४२	३४२	५१४२	आश्विन
७	तुला	३४७	५१४७	३३७	५१३७	कार्तिक
८	वृश्चिक	३४६	५१४६	३४६	५१४६	मुंङ्सीर
९	धन	३१५	५११५	३१४	५११४	पौष
१०	मकर	२६५	४१२५	२६३	४१२३	माघ
११	कुंभ	२२५	३१४५	२२४	३१४४	फाल्गुन
१२	मीन	२१४	३१३४	२१४	३१३४	चैत्र

टिप्पणी—उपर्युक्त (ख) नं० का लग्नमान १९६३ संवत्बाट शुरू भै २०२३ सालतकका हुन् र (घ) नं० का मान २०२३ संवत्बाट शुरू भै २०८३ संवत्तक मान्य रहनेछन् ।

लग्न स्पष्ट नियम

(क) रात्रिमा कसैको जन्म भएछ भने जन्मगत घटिका र दिनमान जोडी 'सूर्य राश्यांश 'समान कोष्ठांक स्पष्टकालेन संयुतम् । वर्त्तिनं गुर्व्वांक सहितं लग्नराश्यादिकं मतम् । प्रमाण मानी "नेपाल देशीय प्रथम लग्न-सारिणी" पंचांगबाट इष्ट काल जोडी कुलयोग घडी+पला जहाँ मिल्दछ उही नै लग्न स्पष्ट आउँदछ ।

(ख) दिनमा कसैको जन्म भएको रहेछ भने जन्मगत घटिका सूर्योदय समयदेखि जन्मेतकको घडी+पलामा सूर्योदय राशिबाट र जति गते छ उसको अंकमा १ घटाएर अंशदेखि सूर्योदय राशि केन्द्रको इष्ट काल जोडी कुलशेष घडी+पला नै जहाँ खोज्दा लग्न-सारिणीमा मिल्दछ, त्यही नै स्पष्ट लग्न हुन आउँदछ ।

(ग) कसैको जन्म रात्रिमा भएछ भने अस्त लग्नबाट इष्ट काल जोडी लग्न स्पष्ट गरिन्छ । यस अवस्थामा लग्नले खाएको या भनौं भोगेको अंशमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फरक पर्न आउँदछ। अंशमा यदि फरक पर्‍यो भने २ कुण्डली बाहेक ठूलो ४ कुण्डली या ८ कुण्डली भाव कुण्डली अथवा द्रेष्काण द्वादशांशक, त्रिशांशक आदि कुण्डली बनउँदा कुण्डली गलत फल लाग्ने हुन आउँदछ, त्यसकारण ख्याल गर्नू।

(घ) कसै जातको एक लग्नकुण्डली मात्र अथवा सूर्य चन्द्र कुण्डली मात्र वनाइदिनु छ भनें रात्रिमा जन्मेको बालकको पनि अस्त लग्नवाट इष्टकाल जोडी लग्न स्पष्ट गरेमा पनि कुण्डलीलाई गलत भन्न मिल्दैन र मानिदैन।

(ङ) कुनै पनि बालकको जन्म प्रातः सूर्योदयावट लिएर वेलुकी रात्रि १२ वजेभित्रमा भएमा दिनमान र रात्रि जन्मगत घटिका जोडी सूर्योदयात् हुन्छ। यो सूर्योदयात्मा इष्ट काल जोडी कुल शेष योग लग्न स्पष्ट हुन आउँदछ।

(च) कसैको जन्म रात्रि १२ वजेपछि हुन्छ भने दिनमान जोडी रात्रि-गत घटिका जोडी कुल योगमा सूर्य राश्यांशवाट इष्ट काल जोडी कुल योग घडी+पला लग्न स्पष्ट हुन आए तापनि कुण्डलीमा सूर्योदयात् रात्रिगत घटिका भनी लेख्नुपर्दैन। रात्रि शेष घटिका मात्र लेख्ने चलन छ। यही रात्रि शेष घटिकालाई ६०।० मा या ५९।६० मा घटाइदिएमा सूर्योदयात् हुन्छ॥ इति॥

लग्न स्पष्ट

लग्नमान - दिन - भुक्तिभिर्हतम्।
खाऽग्निभाग - तनमान - सोधितम्॥
शेषमङ्क ख-रसेन भाजितम्।
इष्ट-लग्न - घटिका पला स्मृतम्॥ १॥

व्याख्या—जुनसुकै महीनामा लग्न गन्दा या लग्न स्पष्ट गर्दा उसै महीनामा सूर्योदय लग्नका मानलाई राख्नू र जति गतेको लग्न स्पष्ट गर्नु छ उस गतेमा १ कम गरेर लग्नका मान या अंकलाई गुणन गर्नू गुणन गर्दा जति शेष या कुल योग हुन आउँदछ, त्यसलाई ३० ले भाग गर्नू र जति लब्धि आउँदछ, लग्नका मान या अंकमा घटाउनू र जो शेष रहन्छ त्यसलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

६० का अंकले भाग गर्नू लब्धि घडी र शेष पला ठिक्क इष्ट लग्न हुन आउँदछ।

सूचना––उपर्युक्त विधिद्वारा हुन आएको इष्ट घडी+पल सूर्योदयपछि भोग गर्न बाँकी छ, अरू सूर्योदय नहुँदै बितिसकेछ या लग्नले भोगिसकेछ भन्ने अर्थ लाग्दछ। दिनमा कसैको जन्म भए सूर्योदय लग्नको मान राखेर उपर्युक्त लग्न स्पष्ट गर्नुपर्छ, रात्रिमा जन्म भएमा सूर्यास्त लग्नको मान या अंकलाई राखेर गुणन भाग उपर्युक्त विधि लग्न स्पष्ट गर्दा अपनाउनुपर्दछ। यो उपर्युक्त विधि त सूर्योदय या सूर्यास्तदेखिको थियो। लग्न स्पष्ट ठीक होस् भन्नको लागि यसलाई गुणन गरेर ल्याउनू।

सूर्यराश्यांश लग्न स्पष्ट

सर्वप्रथम जन्म टिप्पन घण्टा मिनटमा, जन्मको साल आदि मिलेपछि, अर्थात् कसैले मेरो छोरो २०४१।६।२९ गतेका दिन बिहान १० बजेर २० मिनट जाँदा जन्म्यो, टिप्पन भए पनि राम्रो खालको कुण्डली भए पनि बनाइदिनुहोस् भन्यो। अब हामी पहिला त आज सूर्य कुन राशिबाट बिहान कति बजे उदाएछ हेरौं, सूर्य १२ महीनामा क्रमशः मेष, वृष, मिथुन गरी पालैपालो गरी महीना भर एउटै राशिबाट उदाउने र एउटै राशिबाट अस्ताउने गर्दछ। जस्तै वैशाखमा मेषमा महीनाभरि उदाउँछन् भने तुला, मेषदेखि सातौं पर्‍यो गन्दा, त्यसकारण वैशाख महीनाभर सूर्य टुपुक्क तुला राशि अथवा तुला लग्न आइपुग्दा अस्ताउँदछन्। त्यस्तै वृषमा उदय हुँदा बिच्छु वृषदेखि सातौं पर्दछ, यसमा अस्ताउँदछन्, यसै क्रमले सूर्योदय र सूर्यास्त लग्न कुन कुन हुँदा रहेछन् बुझ्नुपर्छ।

प्रसंगतिर लागौं, उपर्युक्त टिप्पन लेख्ने सम्बन्धमा आज आश्विन २९ गते सूर्य बिहान ६ बजेर १८ मिनट जाँदा उदाएका रहेछन्। पात्रो हेर्दा अवगत भयो ६।१८ बाट १०।२० तक बज्दा कुल कति घण्टा कति मिनट होल—

६।१८
४२
———
७। ०
३।२० मिनट अरू जोडौं
———
१०।२० बज्यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी हामीले ६।१८ सूर्योदयमा पहिला पटक ४२ मिनट र द्वितीय पटक ३।२० मिनट जोडेका छौं कुल ४ घण्टा २ मिनट थप्दा १० बजेर २० मिनट भयो। यसको मतलब विहान ६।१८ देखि अहिले १०।२० बज्दा ४।२ मिनट बितिसकेछ। यो ४ घण्टा २ मिनटलाई घडी+पलामा परिवर्तन गरौं। १ घण्टा=२।३० दुइ घडी तीस पला हुन्छ भने ४ घण्टा=१० घडी र १ मिनट=२।३० साढे दुइ पला हुन्छ भने २ मिनट=५ पला। यस प्रकार १० घडी ५ पला कुल श्रीसूर्योदयात् दिनगत घटिका भयो अर्थात् १० बजेर २० मिनट जांदा १० घडी ५ पला दिन गैसकेछ। यो १०।५ मा अब जोड्नुपर्‍यो इष्टकाल। भनेर यहाँ त्यसलाई भनिन्छ इष्टकाल जो कि आश्विनमा कन्याबाट सूर्योदय हुन्छ। त्यसकारण वच्चा दिनमा जन्मेको हुनाले विहानको सूर्योदय राशिवाट हेर्नुपर्‍यो। नेपालदेशीय प्रथम लग्नसारिणी आज २९ गते हुँदा हेरौं, कन्याबाट सिधा दायाँतर्फ २९ अंशदेखि तल र कन्यादेखि तेर्छो केन्द्र जहाँ मिल्दछ त्यहींको माथिल्लो र तलको घडी+पलालाई जन्मगत घटिकामा जोड्नुलाई इष्ट काल जोड्ने भनिन्छ। यहाँ ३४।२० छ, इष्ट काल यसलाई १०।५ मा जोड्दा १०।५।४४।२५ हुन आयो। अब यो दुवै अंक यही सारिणीमा कहाँ मिल्छ हेरौं, ठीक ४४।२० त मिल्यो, अब अर्को अंक ४४।३२ छ यहाँ ४४।२० देखि ४४।२५ नजीक पर्दछ ४४।३२ को तुलनामा, त्यसकारण यस ४४।२० लाई नै जोडौं अथवा मान्नुपर्‍यो यो ४४।२० देखि सीधा बायाँ तर्फ अन्तिममा वृश्चिक लेखेको छ, त्यसकारण लग्न यही वृश्चिक भयो। यो ४४।२० को उत्तरतर्फ २१ को अंक अन्तिममा छ भने दक्षिणतर्फ पनि अन्तिम अंक २१ नै छ। यो अंश हो. यस प्रकार/८ लग्न/२१ अंश/४४ घडी/९० पला उपर्युक्त प्रकारले लग्न स्पष्ट गरियो, तर यो लग्न स्पष्ट गराइमा कहिलेकाहीं १।२ अंशमा फरक पर्न आउँदछ, त्यसकारण यो सूर्यराश्यांश विधिबाट सूर्य र चन्द्र अथवा लग्न र राशि कुण्डली बनाउँदा मात्र प्रयोग गर्ने चलन छ भने कसैले अष्ट कुण्डली लेख्नेमा पनि यस विधिको प्रयोग गरी लग्न स्पष्ट गर्दछन्। उपर्युक्त लग्न स्पष्ट विधि त विहान सूर्योदयदेखि बेलुकी सूर्यास्ततकको लागि मात्र हो। रात्रिमा जन्म भएमा लग्न ल्याइने रीति भिन्नै प्रकारको छ। मानौं कि कसैको जन्म रात्रिमा १०।२० बज्दा रहेछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वप्रथम पत्ता लगाउनुपर्‍यो । घण्टा मिनट आधुनिक समयको पूर्णांक १२।० हो किनकि रातिमा पनि १२ भन्दा 'माथि बज्दैन, दिनमा पनि १२ भन्दा माथि बज्दैन (हुनत रेलवे समय २४ बजेतकको हुन्छ अन्यत्र त १२ भन्दा माथि बज्दैन) त्यसकारण बिहानको सूर्योदयको समयलाई १२।० मा घटाउँदा सूर्य कति बजे अस्ताउँछन् ठ्याक्क आउँदछ, तर सुविधाको लागि ११।६० मा ६।१८ घटाउँदा ५।४२ शेष रहन्छ । ५ बजेर ४२ मिनट हुँदा सूर्य कन्या उदय लग्नदेखि सातौं मीनमा अस्ताउने भए । अब बेलुकी ५।४२ देखि १०।२० बज्दा कति घण्टा कति मिनट रात गैसकेछ निकाल्नुपर्‍यो । प्रक्रिया ५।२ मा १८ मिनट थप्दा ६।० बज्दछ, पुनः ४।२० मिनट थप्दा १०।२० बज्दछ । यहाँ दुइपटक गरेर ४ घण्टा ३८ मिनट थपियो र १०।२० बजाइयो । यही ४।३८ मिनट साँझदेखि अहिलेतक बितेछ रात गैसकेछ । ४ घण्टा=१० घडी २० मिनट=५० पला विस्तृत पहिल्यै भागना बताइयो । १०।५० मात्र भयो, यसमा अब इष्टकाल जोड्नुपर्‍यो । कन्यादेखि १२ रौं मीन मेषदेखि कन्यादेखि सातौं मीन लग्नबाट दायाँतर्फ अंशाको २९ देखि दक्षिण उत्तर बीच केन्द्रमा हेर्दा २।४५ फेला पर्‍यो, यसलाई रात्रि जन्म घटिकामा जोड्नु नै इष्टकाल योग भनिन्छ । १०।५० रात्रि जन्म घटीमा २।४५ जोड्दा १३।३५ भयो, यो दुवै अंक-सारिणीमा खोजौं, कहीं १३।३७ मिल्यो यो मिथुनको सीधा दायां तर्फ छ । मिथुन ३ भयो, यसको १३।३७ को उत्तरमा अन्तिम १८ अंश भयो, १३ घड़ी ३७ पला, यस प्रकार लग्न स्पष्ट रात्रिमा जन्म भएमा पनि यही नै भयो । यो रात्रिमा लग्न स्पष्ट गर्दा प्रायःजसो ९०% त ठिक्क मिल्दछ, १०% कहिलेकहीं गलत निस्कन्छ, त्यसकारण नियम कुण्डली-प्रकरणमा छ ।

कहिलेकहीं २।४ या १।२ पलाले मात्र लग्न बितिसकेको हुन्छ, जस्तै लग्न सारिणीमा मीनदेखि दायां अन्तिम अंक २।४५ इष्टकाल छ यदि इष्टकाल जोड़ीकन २।४७ कहिलेकहीं आउँदछ भने २।४५ भए मीन लग्न हुन्थ्यो, ४५ कट्यो, मीन लग्न राख्न भएन, अर्कातर्फ मेष लग्न २।५२ मा मात्र छ, त्यसकारण कुन लग्न राखिदिने भन्ने सम्बन्धमा कसै दैवज्ञ ज्योतिषीहरूको भनाइ छ कि दुवैमा जुन नजदीक पर्दछ उसैबाट लग्न निर्धारण गर्नू; जस्तै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२।४५ देखि २।४७ नजदीक पर्दछ, २।५२ भन्दा, त्यसकारण, मीन लग्न नै हुने भयो, तर अन्य कसैका मतमा २।४५ बाट छुटिसकेपछि लग्न बूढो भयो, मीन-मा फल दिदैन, मेष लग्नमा बढ़ी फल दिन्छ, त्यसकारण, मेष लग्न नै हुनुपर्‍यो। भन्नाको आशय के भने मीन अस्त लग्न भयो, मेष उदय लग्न, त्यसकारण अस्त-को तुलनामा उदय लग्नले नै बढी फल दिने भयो। यसकारण, आफ्नो विचार गरी लग्न निर्धारण गर्नू। तर, म व्यवहारमा चिना जन्मकुण्डली बनाउँदा उदय हुनेवाला लग्नलाई नै बढी महत्त्व दिदै आएको छु।

स-अंश लग्न स्पष्ट

(१) सर्वप्रथम कसै बालकको जो जन्मगत घटिका कुछ त्यसको घड़ी+पलामा परिवर्तन गरी यदि आधुनिक घण्टा मिनटमा छ भने अन्यथा घड़ी+पलमा नै रहेछ भने घडीलाई मात्रै अर्थात् घडीको अंकलाई मात्रै ६० ले गुणन गर्नू, पलाको अंकलाई छुट्टै अलग राख्नू। घड़ीको अंकलाई गुणन गर्दा जति आउँदछ कुल योगमा पलालाई, जो छुट्टै राखेका थियौं, लगेर जोड़ौं।

(२) जुन महीनामा बालक जन्मेको छ उसै महीनाको सूर्योदय लग्नको मानलाई वितेका दिनका संख्याले गुणन गरौं र हुन आएको कुल योगमा ३० ले भाग गरौं, लब्धि जति आउँदछ त्यसलाई पूर्वोक्त लग्नको मान या अंकमा घटाऔं, शेष जति रहन्छ, क्रमशः अरू अगाडिका लग्नका मानलाई जोड्दै जाउँ तवतक जोड्दै जाउँ जबतक उपर्युक्त नियम १ मा बनाएर राखेका अंकबाट घटाउन मिल्ने हुन्छ। घटाउन नमिल्ने भएपछि अर्थात् नियम १ का अंकदेखि धेरै हुन थाल्यो भने जोड्न छोड्ने र नियम नं० १ का अंकबाट घटाउने, घटाउँदा जति शेष रहन्छ त्यो शेष रहेको अंकलाई ३० ले गुणन गर्ने, गुणन गर्दा कुल योग जति हुन आउँदछ (त्यस अंकलाई नियम नं० १ मा जोड्दै जांदा जुन लग्न आउँदा जोड्न छोड़ियो अर्थात् मीनतक जोड़ेका भए मेषको मानले मेषतक जोड़ेका भए वृषका मानले भने जस्तै) त्यसलाई अड्केका अथवा नजोड़ेका मानले भाग गर्ने, भाग एकैपटक या दुइ-पटक गरेर जति खान्छ लब्धि अंश हुन जान्छ, शेष भाग गरेर रहेका अंकलाई फेरि ६० ले गुणन गर्नुपर्दछ, गुणन गर्दा योग जति आउँदछ पुनः पहिले नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जुन लग्नका मानले भाग गरियो उसैका मान अंकले भाग गर्नु एक या दुइपटक कति भाग खान्छ उत्ति भाग गर्नू लब्धि घड़ी हुन आउँदछ। शेष भाग गरेर बचेका अंकलाई फेरि ६० ले नै गुणन गर्नू, गुणन गर्दा आएको कुलयोग अंकमा पूर्वोक्त भाग दिंदै आएका अंकले भाग गर्नू, जतिपटक भाग खान्छ भाग दिंदै जानू, लब्धि पला हुन्छ भने शेष भाग खुवाउनै नमिल्ने जति रहने भयो, त्यसकारण शेप अंकलाई त्यसै छोड़िदिनू !

त्यस प्रकार अंश+घड़ी+पला त भयो, लग्न यहां उही निर्धारण हुन्छ जो नियम नं० १ मा जोड्दै जांदा जोड्न छोड़ियो अर्थात् मीनतक जोड़ेर मेष छोड़ेका भए यहां मेष लग्न नै हुन्छ, यदि मेषतक जोड़ेर वृषको मान छोड़ेको भए वृष नै यहां लग्न निर्धारण हुने भयो।

क्रिया साधन—माघमा कुनै बालक जन्मेछ, माघमा सूर्योदय मकर राशिबाट हुन्छ, त्यसकारण लग्नमान भन्नाले मकरको मान २६३ लाई दिनभुक्ति भन्नाले १८ गते बच्चा जन्म्यो १७ भुक्ति या बितेको दिनले गुणन गर्नु पर्‍यो।

नं० (१) २६३ लग्न मान
१७ दिनभुक्तिभिर्हतम्
———
१८४१
२६३
———
खाग्निभाग ३०)४४७१(१४९ लब्धि
३०
———
१४७१
१२०
———
२७१
२७०
———
१

तनुमान २६३ बाट
१४९ सोधितम् घटाउँदा
११४ शेष

नं० (२)
१०।१५ जन्म-गत-घटिका
६०।
———
००
६०
———
६००
१५ पला योग माथिको
———
६१५ कुल योग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नं० (३)
११४ मा
२२४ कुंभको मान योग
२१४ मीनको मान
५५२ भयो

नं० (४)
६१५ बाट
५५२
६३
३० ले गुणन गर्ने
००
१८९
१८९०

नं० (१) मा रहेको अन्तिम शेष अंक नं (३) को माथिल्लो सिरानमा राखी कुम्भ-मीनको मान जोड़ी यो ५५२ भयो। यसमा मेषको मान पनि जोड़ौं भन्दा नं (२) को कुल योग शेष अंकबाट नघट्ने भयो, त्यसकारण अड्केको या जोड्दाजोड्दै छोड़ेको मान मेषको भयो। नं० (२) को अंकलाई नं० (४) को अंक माथि राखेर घटाउँदा ६३ शेष आयो, त्यसलाई ३० ले गुणन गर्दा १८९० आयो।

अब भाग गरौं मेषको मान २३८ ले १८९० लाई।

नं० (५) २३८)१८९०(७ अंश
१६६६
२२४
६०
०००
१३४४
२३८)१३४४०(५६
११९०
१५४०
१४२८
११२ शेष

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नं० (६) ११२
६०
०००
६७२

नं० (७) पुनः भाग २३८ ले)६७२०(२८
४७६
१९६०
१९०४
५६ शेष

सूचना--अब यो ५६ लाई २३८ ले भाग खाने र भाग गर्ने कुरा भएन, त्यसकारण यो त्यत्तिकै छोडिदिने चलन छ । यो शेषको कुनै काम छैन ।

लग्न नं० (३) मा नजोडिएको ० गत १ भन्ने अर्थात् मेष भन्ने बुझिन्छ ।

अंश नं० (५) को लब्धि ७
घड़ी नं० (६) को लब्धि ५६
पला नं० (७) को लब्धि २८

(भास्वतीय विधि)

चन्द्र स्पष्ट विधि

गतर्क्षषष्टी - गुणितम् भुक्तनाडी - समन्वितम् ।
द्विगुणं नवभागं च चन्द्रं तात्कालिको भवेत् ।।
[१]

क्रिया साधन--गतर्क्ष बितेको नक्षत्र भन्नाले जन्मनुभन्दा पूर्वको नक्षत्र
९ अश्लेषा
६० षष्टी साठीले गुणन
५४०
४९।१० भुक्त नाडी
५८९।१० उपल्लो उतारियो
द्विगुणम् २।२ ले गुणन गर्नू
११७८।२०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नवभागं च ९)११७८(१३०
नौ का अंक ले ९
भाग पनि गर्नु २७८
२७
८ शेष भाग नास्ति
१३ मा ० शून्य चल्यो

माथिल्लो शेष ८ × ६०
४८०
+२० पहिलेको शेष पला योग
९)५००(५५
४५
५०
४५
५
लग्न अंश घडी पला

खाऽग्निभाग ३०)१३०(४।१०।५५।५ उत्तर (२०४०।१०।७ गते माघ)
१२०
१० शेष अंश
को चन्द्र स्पष्ट

वालकको नाम जुराउने

जुनसुकै जातक बालकको टिप्पन जन्म, साल, तिथि, मिति वार पत्ता लगाई जन्मलग्न कुण्डली भए पनि चिटा भए पनि तयार गर्नु र भुक्त-नाडी जति हुन आएको छ चन्द्र तत्काल गर्नु जति अंश आउँदछ अंश पनि ३० हुन्छन् र नवांशक पनि ३० अंशलाई नौ भागमा लगाइएका छन्। जुनसुकै राशिमा पनि नौ अक्षर हुन्छन्, ती नौ अक्षरलाई नौ नवांशकमा बरोबर बाँड्नू र गर्दै जानु जुन अक्षर आउँदा अंश मिल्दछ त्यही अक्षरबाट नै बालक, को नाम जन्मकुण्डलीमा राखिदिनू जस्तैः—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

४।१०।५५।५ कसैको चन्द्र तत्काल निकालिएको छ, त्यसको कुन अक्षर-बाट नाम राखौं त भन्दा पहिले नवांशक गन्नुपर्‍यो ।

(१) ३।२०
(२) ६।४०
(३) १०।०
(४) १३।२०
(५) १६।४०
(६) २०।०
(७) २३।२०
(८) २६।४०
(९) ३०।०

यहाँ माथिल्लो चन्द्र तत्काल अंश १० छ दशभित्र पर्‍यो अक्षर हिशाबले नौ अक्षरहरूमा तृतीय अक्षर पर्‍यो सिंह राशिमा १० अंश हुँदा मा० मी० मु० मे० मो० टा० टी० टू० टे यहाँ नौ अक्षर तृतीय अक्षर मु० पर्‍यो त्यसकारण 'मुरारि-मुकुन्द-मुचुकुन्द' बाट नाम राखिदिए हुने भयो ।

नवांशकबाट नाम राख्ने सरल चक्र

	मे०	वृ०	मि०	क०	सि०	कै०	तु०	वृ०	ध०	म०	कुं०	मी०
३।२०	चू	इ	का	ही	मा	टो	रा	तो	ये	भो	गू	दी
६।४०	चे	उ	की	हू	मी	पा	री	ना	यो	ज	गे	दू
१०।०	चा	ऐ	कू	हे	मू	पी	रु	नी	भा	जीं	गो	थ
१३।२०	ला	ओ	घ	हो	मे	पू	रे	नू	भी	खी	सा	झ
१६।४०	लि	वा	ङ	डा	मो	ष	रो	ने	भू	खू	सी	ञ
२०।०	लू	वी	छ	डी	टा	ण	ता	नो	ध	खे	सू	दे
२३।२०	ले	वु	के	डू	टी	ठ	ती	या	फ	खो	से	दो
२६।४०	लो	वे	को	डे	टू	पे	तू	यि	ढ	ग	सो	चा
३०।०	अ	वो	ह	डो	टे	पो	त	यू	भे	गी	द	ची

बालकको नाम राख्ने अन्य विधि

जुन सुकै जातकको जन्म जुनसुकै दिनमा होस त्यो दिन एउटा न एउटा नक्षत्र त पक्कै हुन्छ, त्यस दिनको नक्षत्रभन्दा पूर्व दिनको नक्षत्रको घड़ी र पलालाई ५९।६० मा घटाउनू र जति शेष रहन्छ, त्यसमा सोही बालक जन्मेका दिनका नक्षत्रको घड़ी र पलालाई जोड्नू कुलयोग सोही नक्षत्रको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भभोग कहलाउँछ, त्यो भभोगको अंकलाई १५ ले यदि भभोग ६० छ भने ६० भन्दा बढी भए १६ ले र ६० भन्दा कम भभोग भए १४।१३ या १२ भभोग का $\frac{1}{4}$ एक चौथाइ अंकले भाग गर्नू भाजक अंक बराबरले उस दिनका नक्षत्रका चार अक्षर बाँड्नू जुन भागमा अक्षर पर्छ सोही अक्षरबाट बालकको नाम राखिदिनू। यो एउटा सजिलो उदाहरण हो। यदि सावधानीपूर्वक यसो गर्ने हो भने गलत कदापि हुँदैन—

जस्तै:—आश्विन २९ गते २०४१ मा कुनै बालक जन्मेको रहेछ। बिहान, काल्पनिक गत घटिका १०।० राखौं, आजको नक्षत्र मृगशिरा छ, हिजोको नक्षत्र रोहिणी थियो।

५९।६० बाट
५०।२३ रोहिणीको घड़ी+पल घटाऊँ
९।३७
५१।५६ वर्तमान मृगशिरा नक्षत्रको भोग्य घड़ी+पल
६१।३३ भभोग भयो

(१) १५)६१(४
६०
१×६०

(२) ८)३३(४
३२
१ पला शेष रह्यो

(३) १५)६०(४
६०
××

यहाँ भाजक १५।८।१५ क्रमशः छन्
१५
१५।२३, १५ घड़ी २३ पला जाँदा

जन्मेका भए वे० वो० का० की० चार अक्षरमा वे० बाट नाम राखिदिए भयो, त्यस्तै १५।२३ पलादेखि ३० घड़ी।
२ २
३०।४६

४६ पलाभित्र जन्मेमा वो० बाट नाम बोधराज, बोधानन्द राखे, भयो।
३०।४६
१५।२३

CC-0. In Public Domain. Digitization by eGangotri

घड़ी ४६।९ पलां अर्थात् ३० घडी ४६ पलापछि ४६ घड़ी ९ पलोभित्र जन्म भएमा का० वाट नाम रहने भयो-काशीनाथ, कान्ता प्रसाद इत्यादि ।

४६।९
१५।२३

६१।३२

४६ घड़ी ९ पला काटेपछि ६१।३२ पला नविल्दै—भित्रनै कसैको जन्म भएमा की-बाट नाम किरण, कृष्ण आदिवाट राखिदिएमा नाम वन्दछ । चार अक्षरमा बादि २ भए दिनमा उत्तरार्ध २ मास भए रातमा जन्नेको रहेछ भन्ने संझनू ।

लग्न-कुण्डली निर्माण

(१) लग्न कुण्डली--

यस कुण्डलीलाई लग्न-कुण्डली या सूर्य कुण्डली भन्दछन् । यस कुण्डलीमा ग्रहहरू भर्दा सर्वप्रथम, लग्नस्पष्ट गरेपछि लग्नको अंकलाई लग्नस्थानमा राख्नुपर्दछ; त्यसपछि क्रमशः अगाड़िका अंक राख्दै जादा १२ बटा कोठा पूरा हुन्छन् । जब १२ बटा कोठा पूरा हुन्छन् तब ग्रहदेशा भर्ने क्रम शुरू हुन्छ, दशा योगिनीमा, विंशोत्तरीमा, त्रिभागीमा, अष्टोत्तरी र शतायुमा कति हुन्छन् यस पुस्तकको उत्तरार्ध भागमा छलेङ्ग तालीका हेरेमा बुझिन्छ । पंचांगमा जुन-सुकै महीनामा चार ग्रहस्पष्ट चक्र हुन्छन्, यस प्रकार ५२ हफ्ताको एक वर्ष हुने हुंदा प्रत्येक हफ्ताको एक ग्रह स्पष्ट-अनुसार जुनसुकै पंचांगमा ५२ ग्रह स्पष्ट राखिएका हुन्छन् । सबभन्दा माथि ग्रहको नाम आ० मं० या सू० मं० बु० गु० शु० शं० रा० त्यसपछि त्यस महीनामा जुन राशिमा ग्रह छन् ती राशिको नाम, त्यस तलतीर अंश घड़ी + पला क्रमशः राखिएका हुन्छन् कुन महीनाको कति गते कति घड़ी + पला वितेपछि ग्रहका स्पष्ट लाग्छन् त्यो चक्रको सब-भन्दा वायांतर्फ उदाहरणको लागि पौ०=पौष १४ गते भयो ग० भनेको गते ६ भनेको शुक्रबारका दिन ६ भन्दा तलतिर २०।१९ यसको अर्थ हो २० घड़ी १९ पला वितेपछि मात्र ग्रह स्पष्ट प्रारम्भ हुने । (२०४१ को पंचांग प्राण-नाथ प्रकाशित) ग्रह तत्कालमा जुन ग्रह तलतिर जुन अंक छ त्यस अंकमा + १ गरेर उत्ति अंक राशिमा ग्रहलाई कुण्डलीमा भर्नुपर्दछ जुनसुकै, कुण्डली भर्दा पनि यो नियम लागू हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२०४१–१–१४ गते [वैशाख] प्रातः ३/० सूर्योदय दिन गत घटिका तदनुसार ६/४३ बज्दा कुनै सीता नाम भएकी कन्याको जन्म भएको रहेछ। लग्न स्पष्ट गर्दा २।५।७।४५ भयो। पंचांगमा वैशाख १५ गतेका स्पष्ट छन् कुण्डलीमा भरिदिनु पर्‍यो।

०+१=मेषमा सूर्य १०+१ =११ कुम्भको चन्द्रमा, ६+१=७ तुलामा मंगल वस्दछ। ०+१=१ मेषमा वुध, ८+१=धनमा गुरु, ०+१=मेषमा नै शुक्र, ६+१=७ तुलामा शनि छन्। त्यस्तै १+१= २ वृषमा राहु र, राहुको अंक २ मा +६=८ वृश्चिकमा केतु।



[लग्न कुण्डली]

यसप्रकार लग्नकुण्डलीको निर्माण हुन्छ। ग्रह भएका राशिमा +१ = गरेर कुण्डलीमा अंक [राशि] लाई राखि ग्रह भर्ने ज्योतिषमा चलनछ। पात्रामा ग्रह स्पष्ट उसै दिन या १।२ दिन नजदीक भए उनै भरि दिने र धैरै ३।४ या ५ दिन फरक भए ग्रहस्पष्ट गर्नुपर्दछ।

[२] [चन्द्र या राशि कुण्डली निर्माण]

लग्नकुण्डली बनाउन जानी सके पछि चन्द्र या राशिकुण्डली बनाउँदा, लग्न-कुण्डलीमा चन्द्रमा जुन अंक या राशिमा छ त्यसै अंकलाई ल्याएर सिधा लग्नमा राखिदिने वांकी क्रमशः जस्तो छ उस्तै उतारी दिने। जुन अंक या राशिमा ग्रहछन् उनै उनै राशि या अंकमा ग्रह हुन्छन्, जस्तो माथिल्लो लग्न-कुण्डलीको यहाँ चन्द्रकुण्डली निम्नछ :

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हेर्नु होस माथि लग्नकुण्डलीमा चन्द्रमा ११ कुम्भमा थियो त्यसैलाई ल्याएर यहां लग्नमा राखियो, ग्रह पनि जस्ताको तस्तै भरि दिइयो। यदि लग्नकुण्डलीमा चन्द्रमा वृषराशि या अंक २ मा हुन्थ्यो भने यहाँ पनि लग्नमा वृष या २ को अंक राखेर क्रमशः कुण्डली पूरा गरिने



[चन्द्र कुण्डली]

थियो, जस्तो कुंभलाई राखेर पूरा गरियो। बांकी जो ग्रहहरू जहाँ छन् उसै स्थानमा भरि दिए हुने थियो, जस्तो यहाँ लग्नकुण्डलीमा जुन जुन अंकमा ग्रह थिए चन्द्रकुण्डलीमा उनै उनै अंकमा ग्रह छैनन त ? यस प्रकार दुइ लग्न र चन्द्र कुण्डली बनाउने तरीका बताइयो।

[३] [होराकुण्डली निर्माण]

होरा-शब्द 'अहोरात्र' बाट बन्दछ,। आदिको 'अ' र अन्त्यको 'त्र' हटाए पछि होरा शब्द बन्दछ। अहोरात्रको अर्थ दिन र रात २४ घन्टा अवधि १२ घन्टा दिनमा सूर्यका र १२ घन्टा रात्रीका चन्द्रमाका हुन्छन् यहाँ होराको अर्थ त्यहि नै हो नवग्रह मध्ये आधा सूर्य होराका र आधा चन्द्र होराका हुन्छन्। कहिले कही सूर्यका ज्यादा र चन्द्रका कम, चन्द्रका ज्यादा सूर्यका कम पनि हुन्छन्। दुइ कुण्डली या चिना बनाउँदा त ग्रह स्पष्ट पात्राबाटै राखिदिए हुन्थ्यो तर ४ कुण्डली या आठ कुण्डली या त्यस भन्दा धेरै कुण्डलीको चिना बनाउँदा ग्रह स्पष्ट छलँगै कुण्डली माथि चक्र बनाएर राखिराख्नु पर्दछ अंश, घटि, पल सहित। कुनै पनि समराशि भन्नाले जोडा राशि वृष, कर्क, कन्या, वृश्चिक मकर तथा मीन राशिमा कुनै ग्रह बसेको भए या रहछ भने १५ अंश भित्र परेमा चन्द्र-होरा हुन्छ। त्यस्तै विषम राशि भनेका मेष मिथुन सिंह, तुला, धन, कुम्भ राशिमा कुनै पनि ग्रह छन् र १५ अंश भित्र परे सूर्य होरा हुन्छ। अर्थात् चन्द्रले सम राशिको १५ अंश काटेमा सूर्यहो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सूर्यले विषम राशिको १५ अंश काटेमा चन्द्र होरा हुन्छ । कुनै पनि राशि ३० अंशका हुन्छन् । समको १५ चन्द्र, समकै १५-३० सूर्यको, सूर्य विषमको १५ आफ्नो, विषमकै १५ को ३० तक चन्द्रको । चन्द्र होरा ४ र सूर्य होरा भएमा ५ लेख्ने चलन छ । अर्थात् कि त कर्क सिंह कि त सिंह कर्क ४।५। या ५।४ मात्र लेखेर कुण्डली-भर्ने लग्नको पनि त्यस्तै हो अंश अनुसार कि त कर्क या सिंहमा लग्न बनाउनु पर्दछ । सुविधाको लागि [चौपाइ छन्दमा]

सम घर पर्छ शशि रवि होरा ।
विष घर त्यस्तै रवि शशि होरा ॥

[मुहूर्त चिन्तामणि]

जब कर्क - सिंह या सिंह - कर्क लेखेर कुण्डली पूरा गरिन्छ ग्रह पनि एवं रीतले भर्नुपर्छ—

[सीताका ग्रह स्पष्ट]

ं.	आ.	चं.	भौ.	रा.	वृ.	शं.	बु.	के.	शु.
२	०	१०	६	१	८	६	०	८	०
५	१३	१६	२७	१४	२१	१९	०	१४	१
७	३९	१	२५	३७	२९	२९	३६	३७	४४
४५	३४	३८	१५	१४	११	१०	४३	१४	४८
य	मार्गी	मार्गी	वक्री	वक्री	मार्गी	वक्री	बक्री	बक्री	बक्री
			उदय						



[होरा कुण्डली]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भर्नुपर्छ। उपर्युक्त ग्रह स्पष्टमा, लग्नस्पष्ट राशिमा बाहेक अरु राशि सबैमा गरेर मात्र ग्रहदशाहरुलाई कुण्डलीमा राख्नु पर्दछ। जो माथि लग्नकु निर्माण'मा पनि बताइएकोछ। यहाँ होरा कुण्डली उपर्युक्त सीताको 'ड कुण्डली' बाट नै बनाइयो। यस प्रकार तीन–कुण्डली-लग्न, राशि र हो कुण्डली लेख्ने विधि बताइयो।

[४] [द्रेष्काण-कुण्डली निर्माण]

कुनै पनि राशि ३०।० अंशको हुन्छ, यस ३० को तीन भाग लगा अर्थात् १०, या राशिको एक तिहाइ भागलाई द्रेष्काण भनिन्छ। जस्तै मेषराशिमा प्रथम तृतीयांश अर्थात् १०।० अंश तक मेषको, द्वितीय ११ तक सिंहको तृतीय २१–३० तक धनराशिको द्रेष्काण हुन्छ। यसैं प्र अरु राशिको पनि संझनु पर्दछ। उपर्युक्त 'सीताका ग्रह स्पष्ट हेर्यों लग्न वृष रहेछ, अंश ५ जो वृषराशिकै १०।० अंश, भित्र त्यसकारण लग्न आफ्नै द्रेष्काणको यहाँ द्रेष्काण कुण्डलीमा हुन आ वृषको मालिक शुक्र भएकोले सीताको जन्म शुक्रको द्रेष्काणमा रहेछ भन्ने बुझियो। त्यस्तै यो त भयो लग्नको निर्धारण दिइएको मानौं वृषलग्नको १२ अंश हुन्थ्यो भन्ने वृषदेखि पांचौं कन्याको द्रेष्काणमा जन्मेकी र, वृषको २२ अंश रहेका भए वृष-देखि नवौं मकरको द्रेष्काणमा जन्मभएको मानिने थियो। लग्न पनि उनै उनै हुने थिए। त्यस्तै



[द्रेष्काण कुण्डली]

ग्रह भर्दा मेषको सूर्य १३।० अंशको रहेछ त्यसकारण मेषका ३०।० को एक तिहाई भाग १० त कटेछ दुइ तिहाइतिर लम्केछ त्यसकारण मेष पांचौं सिंहमा सूर्य बस्न पुग्यो। यस्तै सबै ग्रहको कुरा बुझ्नु। यस द्रेष्काण कुण्डली सहित-चार कुण्डलीपुगे।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

[५] [नवांशक कुण्डली निर्माण]

कुनै पनि राशिमा ३०।० अंश हुन्छन् । ३०।० अंशलाई नौ भागमा ंडदा अर्थात् ९ ÷ ३० गर्दा ३।२० प्रत्येक एक राशिलाई भाग पुग्दछ ।२० को हिशावले नौ पटक जोडदा या गन्दै जांदा ३०।० पुग्दछ यसकारण ।२०, ३०।० को नवौं भाग भयो यसैलाई नवांशक भन्द छन् । यि नवांशक णना गर्दा मेष, सिंह, धनराशिको प्रथम नवांश ३।२० मेषको, ६।४० वृषको, ०।० मिथुनको यसै क्रमले गन्दै जांदा नवांशकका नौ अंक प्रत्येक राशिको फू देखि नवौं राशिमा पुग्दा सिद्धिन्छ । मेष, सिंह, धनको मेषबाट गन्दै जानु । , कन्या, मकरको मकरदेखि नै गन्नु ! मिथुन, तुला, कुम्भको तुला राशि ख गन्दै जानु । त्यस्तै कर्क, वृश्चिक, मीनराशिको कर्क देखि ३।२०,६।४० लैजानु । जुन राशको जति अंश छ गन्दै जांदा जुनराशि आइ पुग्छ त्यही शि नै नवांशक कुण्डलीको लग्न हुन आउँदछ । ग्रहहरु भर्दा पनि तरीका ही नै हो । उपर्युक्त विधि सार हातका औंला गन्दै ा वृष लग्न सीताका ग्रह- टमा× ५ अशको रहेछ, वृषको ा त मकरवाट गर्नु पर्ने ०मा मकर भयो ३।२० भन्दा श ज्यादा भयो भेटेन ६।४०



[नवांशक कुण्डली]

पऱ्यो भन्नाले ३।२० मकरवाट६।४० मा मकरदेखि द्वितीय कुम्भको नवां- भयो, त्यही लग्नमा राखियो । यदि ६।४० बाट १०।० मा पुग्थ्यो भने देखि तृतीय मीनको नवांशक हुने थियो नि ख्याल गर्ने कुरा छ । त्यस्तै सूर्यले ो १३ अंश खाएकोछ मेषलाई त मेषबाट नै गन्दै लैजांदा ३।२०,६।४० ० १३।२० गर्दैजांदा १०।० भन्दा त ज्यादा १६।०पूर्ण भन्दा कम बीचमा भने जति ठीकक १३नै कहाँ पाउने त ? १३।२०कै नवांशक मान्नु पऱ्यो २० पुग्दा मेषदेखि चौथो कर्क नवांशक हुन्छ ! कर्क नवांशक भन्नाले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सूर्यलाई लगेर ४ को अंक भएको कोठामा राख्नु पऱ्यो माथि नवांशक कु लीमा ४ मानै सूर्य राखिएकोछ। यस्तै प्रकारले नवग्रह कुण्डलीमा भर्नु। र देखि केतु सधैं ६ राशि टाढा रहन्छ जस्तो कि कुण्डलीमा हेर्नु होस राहु समेत गर्न्दै जांदा सातौंमा केतु राखिएकोछ यस प्रकार नवांशक कुण्ड लेख्ने विधि वताइयो।

[६] [सप्तांशक कुण्डली निर्माण]

प्रत्येक राशिमा ३०।० अंश हुन्छन् ३०।० अंशलाई ७सात भागमा बां नै सप्तांशक हुन्छ। सातभागमा लगाउने विधि निम्नछ :—

७) ३० (४
२८
× २
×६०
७) १२० (१७
७
×५०
४९
× १
× ६०
७)६०(८
५६
× ४



[सप्तशक कुण्डली]

यस प्रकार प्रत्येक एक राशिलाई ४।१७।८।४ अंशभाग लाग्दछ। अं राशिको या लग्नकुण्डलीमा लग्नको अंश जति छ गर्न्दैजांदा जहाँ पुग्दा व सूर्य या लगभग नजदीकमा मिल्दछ उही नै सप्तांशक कुण्डलीमा स्प हुन आउँदछ। सप्तांशक मेषदेखि शुरु हुन्छ तुलामा सिद्धिन्छ, वृषको व चत्र देखि शुरु हुन्छ वृषमा पुराहुन्छ। मिथुनको मिथुन देखि शुरु धनमा पूरा मि बाकी राशिको क्रमशः बुझ्नु। अर्थात ४।१७।८ ८।३४।१७।,१२।५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

३) को नै स्पष्ट चक्र हो जसमा नवग्रह स्पष्ट अक्षरमा छन् । उपर्युक्त नं.
मा माटो राखिएका ठाउँमा क्रमशः बायाँ–देखि दायाँ केतु, शनि,
र मंगल वसेका छन् फल निम्नछ ।

सिसौं जस्तो - जहां सूर्य, चन्द्रमा दूध वृक्षको ।
कांटा मंगल ठाउँमा, बुधमा फलहीन भो ॥
[१]

फललाग्ने पऱ्यो वृक्ष, गुरुमा यदि पर्दछ ।
शुक्रमा पुष्प बोटैछ, दुर्गन्धि शनि युक्तछ ॥
[२]

सूर्यमा भूमि उत्तमछ, चन्द्रमा कष्ट कील छ ।
भौममा नाग अङ्गार, मुसो धमिर लाग्दछ ॥
[३]

मशान शनिमा जाग्छ, राहु केतु चिहान्पऱ्यो ।
गुरुमा फल वृक्षै यो, फूल वृक्ष त शुक्र हो ॥
[४]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सफा सेतो पऱ्यो फूल; शुक्रस्थानमहां अज्ञ।
जस्तो फल् जसको पर्छ, भूमि उस्तै छ लौ बुझ ॥
[५]

अर्थात्

सूर्यमा गुरुमा त्यस्तै, शुक्रमा शुभ भूमि छ।
बांकी ग्रह-महां ग्रह, बनाये पछि पिर्दछ ॥
[६]

Note प्रश्न उठ्न सक्छ कि नवग्रह र ज्योतिष जानेका मानिसले घडेरीको माटो हेराउंदा जानेका ठाउँमा नै राख्नसक्छन या ज्योतिषीले घर बनाउनपरे माटो कसले हेर्ने ?

उत्तर :—कुनै नौलो मानिस घरको होस वा छिमेकी त्यसलाईं आफूं घडेरी बनाउनचाहेका ठाउंको माटो लिएर आउन भन्ने र आंफूले हेरि दिने। किनकी त्यो ज्योतिष न जानेकाले त चक्रमा रोजेर राख्न त सक्ने भएन अर्थात् राम्रो नराम्रो कुन ठाउंले उसलाई थाहा हुने कुरा भएन जबकि माटोमाटै हो जसले हेरि दिए पनि फल उही लाग्छ जो वास्तविक छ।

"दैवज्ञ वराहमिहिर भा. टी. सीताराम झा
"बृहज्जातकम्" 'वृहज्ज्योतिषसार र अप्रकाशित गुरुमुखबाट"
१९३३ पृ. ६३।६

[भाव प्रश्न विचार]

प्रथम भाव

वर्ण रूप तथा चिह्न, देहमा यति छन् भनि।
विवाह यसको गर्नू, ठोकुवा कतिछन् हुनि ॥
[१]

द्वितीय भाव

धन-धान्य कहां मिल्छ, मृत्यु वाणी र विद्यको।
गर्भ हुन्कति यिन्मा औ, पितामा स्पष्ट भन्नु यो ॥
[२]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मंत्र शक्ति कि जादूहो, कस्तो स्वाद रुचाउँछ ।
शालाका कति छन्भाई, सुख या दुख पाउँछ ॥
[३]

तृतीय भाव

रोग कान गलामा छ, या कस्ता गहनाहरु ।
रुचि धार्मिक नास्तीक, स्वभाव यसको अरु ॥
[४]

बाहु शक्ति कहां कस्तो, शक्ति राख्दछ गोष्ठमा ।
पिता स्वर्ग कि पुग्दै छन्, भन्दिनु स्पष्ट रूपमा ॥
[५]

चतुर्थ भाव

मृत्यु हुन्छ कहां कैले, रोग व्याधि सताउँछ ।
शालाका कति छन्पत्नी, बारी ज्यादा कि खेत छ ॥
[६]

जलमा घटना मैथुन, पशुमा कि त गर्दछ ।
आमा गोत्रीयमा सफ्फा, दिलको छकि छैन त ॥
[७]

कि वास फेरनै पर्ला, कान्छा बाबुमहाँ कति ।
सन्तान निजको गाई, घोडा औ पशु छन्यति ॥
[८]

पंचम भाव

दाजुका कति छन्पत्नी, वाचाल शक्ति उस्महाँ ।
देव भक्ति भयो गर्भ, लाग्ने हुन् कति खासमा ॥

षष्ठ भाव

चिह्नोखण्डकारऽपदंश रोगीछ, बिवाह जति तातका ।
जेठा बावु महाँ भन्नु, आमा अर्की भये कि ता ॥
[१०]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बावु धार्मिक छन्उस्का, या छैनन् यसको पनि ।
पंच साम्य कि वादी हुन्, प्रजातान्त्रिक नै अनि ॥
[११]

सप्तम भाव

मृत्यु पत्नी तथा यस्को, हुने कस्तो पराक्रम ।
वास विदेशको पर्छ, या मिल्छ गडुवा धन ॥
[१२]

प्रदेशी यदि यो हुन्छ, दुःख सुख सबै कति ?
या खाना दहि दुधू यस्ले, प्रस्ट भन्नु बुझे जति ॥
[१३]

अष्टम भाव

अल्पायु कि त मध्यायु, दीर्घायु कुन पर्दछ ।
कुहनु अलपत्ता भैं, मर्दामा कि त सड्दछ ॥
[१४ [

लुछ्ने होकि नवा श्याल, या कुकुर् हरुले जति ।
पितृ नर्क कि वा स्वर्ग, योनि पुग्ने मरे पछि ॥
[१५]

नवम भाव

शालाका कतिछन्भाई, या पत्नी उनका कति ।
भोग्नु-भाग्य कि भार्गैछ, सम्पत्ति अरुको लुटि ॥
[१६]

योगी भै फिरने योग, या आस्तिक कि नास्तिक ।
पेशा कस्तो कहाँ बाट, जीविका अरु गर्दछ ॥
[१७]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दशम भाव

विवाह कति छन् आफ्नो, पिताका बृत्ति कुन् थियो ।
अकस्मात कहीं लाभ, उनमा धन प्रप्ति भो ॥
(१८)

प्रवासी कति भै बस्नु, बर्ष मासादि दिन्पनि ।
निजामती कि गर्थेकै, धन्दा व्यापारको अनि ॥
(१९)

एकादश भाव

विवाह कहिले हुन्छ, छोराका शत्रु-शत्रुको ।
निजका घरमा दाजु, कतिछन् स्पष्ट भाइको ॥
(२०)

कान वायां कुनै रोगी, या खोटी कि छ भन्दिनु ।
खसेको कुम पिठ्यूँमा, या पेट्मा फल गर्दिनू ॥
(२१)

द्वादश भाव

जेठा कान्छा वुवा यिन्का, आंखा कस्ता थिये कि छन् ।
भांडा बस्त्रादि कस्ता छन्, घरमा भित्रि भाग कुन् ॥
(२२)

शृंगार गहना त्यस्तै, खूंट चोकादि कुन्कता ।
स्वर्ग नर्क कि वा मोक्ष मिल्ने हो कि जता जता ॥
(२३)

[ग्रह मैत्री बिचार]

(सू.)

मित्र मं, बृ समै बुध, शं. शु. शत्रु महां परे ।
(चं)

बुध मित्र तथा सूर्य, शत्रु छैनन् समै अरे ।
(मं.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गुरू चन्द्र तथा सूर्य, मित्रमा यिनी पर्दछन् ।
बैरी वुध पर्‍यो एकै, शेष मध्यम खास हुन् ॥

(बुध)

शुक्र सूर्य दुवै मित्र, शत्रू चन्द्र पर्‍यो यहां ।
शनि मंगलगुरू यस्को, नातो पर्छ समै महां ॥

वृहस्पति

सूर्य चन्द्र दुवै मित्र, बुध शत्रु र शुक्रछ ।
मंगलमित्र–महां पर्छ, विज्ञले बुझ्नु पर्दछ ॥

(१)

शनि सम पर्‍यो यिन्को, शनिवत् बुझ राहु के० ।
गर्दैनन् यिनले राम्रो, न राम्रो पनि केहि क्वै ॥

(२)

शनि बुध दुवै मित्र, शत्रू सूर्य र चन्द्र हुन् ।
समता गुरू मंगलमा, शुक्रले दृष्टि गर्दछन् ॥

(शनि)

शशि सूर्य दुवै शत्रू, मित्रमा बुध शुक्र छन् ।
सममा गुरू छन्त्यस्तै, वैरी मंगल पर्दछन् ॥

पेशा निर्णय

मेष सिंह तथा राशि, धनको अग्नि नाम छ ।
वृष कन्या तथा नक्र, यिनको भूमि संज्ञ छ ॥

(१)

तुला मिथुन कुम्भैको, कर्क विच्छु र मीनको ।
वायु जल् क्रमशैः पर्छ, काम मिल्छ उसै जसो ॥

(२)

लग्नदेखि यदा राशि, माथिका जुन पर्दछन् ।
दशौंमा कर्म त्यस्तैले, गुजारा सव गर्दछन् ।

(३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्

यज्ञादि विप्रले गर्नू, शुद्र आरन कर्मको ।
भूमिमा भूमि बाट्छ, कृषि यन्त्रादि गर्नू यो ॥
(१)

वक्ता सम्पादके लेखक्, कवि औ मुख वायुले ।
काम के दुनियांमा छ, पर्दछन् यिनले गरे ॥
(२)

रसादि वस्तु व्यापार, वस्त्रादि सब नै परे ।
चिसा या जल नौकाभो, या त जाहाजकै भये ॥
(३)

[नारद वास [मुद्दाहार जीत] विचार]

शुक्लादि तिथिको संख्या, संख्या औ गतवारको ।
योगमा योग नौ गर्नू, भाग देउ र तीनको ॥
[१]

शेष एक रहे स्वर्ग, मर्त्य लोक दुई रहे ।
शेष तीन–महाँ नारद, नागपुर–महाँ पुगे ॥
[२]

[फल]

मर्त्यलोक–महाँ मुद्दा, हारीनेछ दिये–महाँ ।
स्वर्ग पातालमा बस्दा, जीत हुन्छ सधैं यहाँ ॥
[३]

[नाडी दोष विचार]

नाडी दोष भये विप्र, वर्ण क्षेत्रीयता–महाँ ।
गणको दोष वैश्येमा; योनि दोष छ शुद्रमा ।
[१]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

[पर्वणिचार]

मास आषाढमा सासु, आंफूनै क्षय मासमा ।
ज्येष्ठाजु जेठमा त्यस्तै, ससुरा पौषमा यहाँ ॥
[१]

पिर्नेछ पतिमा त्यस्तै, बस्दा यो मलमासमा ।
चैत्रमा घरका पिर्नें छिन्, आमा रहँदामहाँ ॥
[२]

अथ योग विचार

नौका योग

लग्नेबाट एकान्तर्ले, ग्रह सब् सप्तमै तक ।
पर्दामा योग नौकाको, दैवज्ञ हरू भन्दछन् ॥
[१]

नौका योग फल

नौका योग–महाँ जन्मे, जीविका अरुको पनि ।
चलाई दीर्घ आयू औ, यशस्वी किन्तु कृपणी ॥
[१]

चञ्चल ज्यादा हुने यस्को, बानी पर्छ सधैं सधैं ।
दैवज्ञहरूले यस्तो, फल हो भन्दछन् कतै ॥
[२]

[कूट योग]

चौथो–देखि दशौं सम्म, पर्दछन् ग्रह नौ सब ।
क्रमैले कूट योग् हुन्छ, संज्ञनू स्पष्ट सम्मत ॥
[१]

[कूट योग फल]

मिथ्यावादी भयो मूर्ख, मूढ़ क्रूर त कष्टि यो ।
परन्तु - मित्रमा राम्रो, दरिद्रो शैल वासी हो ॥
[१]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

[छत्रयोग]

सातौं–देखि यदा लग्न, तकमा सब पर्दछन् ।
ग्रह नौ छत्रयोग् यस्मा, ब्रह्मा रुद्रादि भन्दछन् ॥
(१)

[छत्रयोग फल]

उत्तम् बुद्धि दयालू यो, आयु ज्यादा पराइ मा ।
आश्रय यसले दिन्छ, छत्र धारी छ अन्त्यमा ॥
[१]

[कार्मुक योग]

दशौं–देखि यदा चौथो, स्थान तक् ग्रह सब् वसे ।
क्रमैले योग कार्मूक, पर्दछ भन्दछन् सबै ॥
[१]

[कार्मुक योगफल]

भाग्य–हीन भयौ भाई, यौवन्तिस्रो छंदा तक ।
गुप्तिपाल वस्यौ बन्मा, चोरी झूटो त बोल्नु छ ॥
[१]

यव पद्म योग

लग्न-सातौं-महाँ शुभ, चौथो त्यस्तैं दशौं क्रूर ।
ग्रह सब् यिनमा पर्दा, वज्र योग सधैं बुझे ॥
[१]

लग्न चौथो दशौं-महाँ, शुभ ग्रह सबै परे ।
लग्न-सातौं महाँ पाप, यव योग् हुन्छ खास्अरे ॥
[२]

पाप शुभ दुवै मिश्रित्, ग्रह छन् यदि सब् भने ।
पद्म योग पर्‍यो भन्छन्, दैवज्ञ हरु आदिले ॥
[३]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

[बज्र योग फल]

सुखी सौभाग्य शूरो छ; वीर वैराग्य मध्यमा ।
विपरीत बिना बुद्धि, बिग्रने काम काजमा ॥
[१]

[यव योग फल]

दाता-द्रव्य दुवैं दीर्घ, प्रतापी सुख मिल्दछ ।
नियमी पुत्रले युक्त; स्थिर बुद्धिहुने यो छ ॥
[१]

[पद्म योग फल]

स्थिर आयु बडो कीर्ति, सुन्दर स्त्री पुत्र युक्त छ ।
गुणी आफ्नो सधैं बस्ने, अभिमान-महाँ अज्ञ ॥
[१]

[शकट योग]

लग्न द्वितीयमा ग्रह, सब नै जब बस्दछन् ।
यसमा शकटैं योग, दैवज्ञहरु भन्दछन् ॥
[१]

[शकट योग फल]

निधि निपूण यो हुन्छ, स्थिर द्रव्यादि सुख युत ।
प्रसन्न मुख यस्को छ, नयन तृप्त मूर्ख छ ॥
[१]

कुशीला-कन्कटी कैली, कस्तो कुल भये पनि ।
रोग युक्त रही पत्नी, भाई हीन दरिद्री की ॥
[२]

शकटै योग यस्को छ, शकटै—बाट सकभर ।
सधैंको जीविका गर्छ, शकटैं बरु पर्दछ ॥
[३]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

[बिहग योग फल]

घुम्नमा रुचि राख्दो छ, प्रसन्न प्राप्ति धन् भयो ।
निकृष्ट झगडालू यो, त्यस्तैमा प्रीति युवत भो ।।
[१]

[जलधि चक्र योग]

केन्द्रस्थान जहाँ पर्छ, त्यसैबाट सबै ग्रह ।
द्वितीयस्थानमा पर्दा, जलधि योग हुन्दछ ।।
[१]

[जलधि योग फल]

द्रव्य दानी खूबै प्रिय, सबको सज्जन पात्रछ ।
भोगवान् स्थिर बुद्धि को भाग्यवान जलयोग छ ।।
[१]

[चक्र योग फल]

चक्र योगी पर्‍यो जन्म चरण्मा सब पुग्द्छन् ।
महाराज बनी-बस्ने, बन्दो बस्त बनाउंछन् ।।
[१]

[यूप-बाण शक्ति दण्डयोग]

लग्न-द्वितीमा चार, ग्रहमा यूप योग भयो ।
चौथो पांचौं-महाँ चार, ग्रहछन् वाणयोग हो ।।
[१]

सातौं आठौं दुवै चार ग्रह, मान्शक्ति योग तब ।
दशौं ग्याह्रौं महाँ चार, ग्रहमा दण्डयोग् सब ।।
[२]

[गोल योग]

यदि छन् सब नै ग्रह, लग्न या अरु ठाउँमा ।
जन्मेमा जन्म पत्रीमा, गोल योग पर्‍यो यहाँ ।।
[१]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

[गोल योग फल]

दरिद्री दीन दु:खी यो, आलसी अरू मूर्ख हो ।
नित्य मलिन अज्ञानी, यस्तै छ गोल योगको ॥

(युग– (२) योग फल)

पाखण्डी–निर्धनी पुत्र, सम्मान धर्म हीन यो ।
तिरस्कृत सबैबाट, फल यस्तै छ यूगको ॥

(३)

[शूलयोग फल]

उग्र उत्ताउलो निर्धन, आलसी अनि हिंसक ।
तिरस्कृत तथा बीर, युद्धमा खल नायक ॥

(४)

[केदार योग फल]

उपयोगी सदाचारी, कृषक सत्य भाषी छ ।
चन्चल बानी, बडो मानी, सम्पन्न धनी भोगी छ ॥

(५)

[पाश योग फल]

जेल भोग सधैं लीन, आफ्नै काम–महाँ हुने ।
प्रपन्ची बहु भाषी हो, विनाशील स्वभाव कै ॥

[६]

परन्तु भृत्य प्रशस्त, भोग औ पछिको हुने ।
रसादि वस्तुमा प्रिय, पाशीयोगी सधैं बुझे ॥

[७]

[वीणा योग]

सातौं–स्थान सबै ग्रह, क्रमशः यदि पर्दछन् ।
बल्लकी या पर्‍यो वीणा, योग दैवज्ञ भन्दछन् ॥

[८]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

[दाम योग]

छैटौं–स्थान यदा पर्ने, क्रमशः ग्रह योग छ ।
जन्मंदा जन्म पत्रिमा, भन्दछन् दाम योगछ ।।
[९]

[पाश योग]

पांचौ–स्थान–महां बस्छन्, ग्रह नौ क्रमशै भने ।
पाशै योग पऱ्यो त्यस्तै, फल दैवज्ञ गर्नु रे ।।
[१०]

[केदार योग]

लग्न–व्यय सबै स्थान, मध्ये चार-महां यदि ।
बस्दछन्ग्रह नौ जस्मा, केदार योग हो उही ।।
[११]

[शूल योग [

आ. चं. देखि सबै ग्रह, राहु केतु लगायत ।
तीनै ठाँऊँ, महां मात्र रहंदा शूल योग छ ।।
[१२]

[यूग योग]

बस्दछन् ग्रह आपसमा, आधा या दुइ भागमा ।
जन्मंदा ग्रहकोऽवस्था, यो पर्छ यूप योगमा ।।
[१३]

[साधारण राजयोग]

सूर्य सिंह–महां त्यस्तो, चन्द्रमा यदि वृषमा ।
मंगलमेष–महां बूध, कन्या लग्नस्थ जन्ममा ।।
[१४]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

[नेत्रनाश योग]

बाह्रौं लग्न - महाँ भौम, बायाँ नेत्र विनाशिने ।
उसैमा अथवा राहु, सूर्य दायां छ माशिने ॥

[षडङ्गुली योग]

बृहस्पति एकै साथ, बुध लग्न दशौं - महाँ ।
सूर्य औ भौमको साथ, पर्दछन् यदि केन्द्रमा ॥
[१]

छैटौं अंगुल छन् उस्का, हस्त या अरु पादमा ।
पर्ने छैन कुनै उल्टो-खासै बालकमा यहाँ ॥
[२]

[इति योग प्रकरणम्]

अब ग्रहदशा फलाऽध्याय

[योगिनीमा मंगलादशाफल]

पर्छ विवाद शत्रूमा, बाहृन्हो पनि मांशिने ।
पत्नी-पुत्र दुवै बाट, विलास घरमा हुने ॥

[पिंगलादशाफल]

दुःख शोक दुवै बढ्ने, कुलमा रोग वृद्धिको ।
व्यग्रता झगडा पर्ने, आंफन्त अरुमा छ यो ॥
[१ [

सुख पूर्वार्धमा होला, अन्त्यमा दुख माथिका ।
क्रमशः शुरु-हूंदामा, योगिनी ग्रह पिंगला ॥
[२]

[धान्यदशाफल]

धन धान्य - महाँ वृद्धि, मान मिल्नेछ नृपको ।
युद्धमां विजयी धैर्य, पत्नीमा सुख दिन्छ यो ॥

[१]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लाभ धातु - महाँ मिल्छ, विद्याक्षेत्र - महाँ सब ।
मिल्नेछ गुरुले गर्दा, आंटेको पुगने अब ॥
[२]

[भ्रामरी]

पालो विदेशमा जाने, आयो हानि गराउला ।
उद्वेग चित्त स्त्रीमा, पीडा कष्टादि पारला ॥
[१]
ऋण खोज्नु स्वयं आफ्नो, अरुमा धन भैकन ।
रोग लाग्ने र राजाको, नराम्रो दृष्टि पर्छ नि ॥
[२]
मन खिन्न सधैं हुन्छ, चर्म रोग शरीरमा ।
रिंगटा ज्वर उल्टीले, दिनेछ दुख यस्महाँ ॥
[३]

[भद्रिका]

धन वढ्ने सबै मित्र, हरूमा यश फैलिने ।
नयाँ वस्त्र लिनै पर्छ, सम्मान नृप–बाट नै ॥
[१]
नयाँ भूषण-नारीको, भोग–कल्याण सर्वदा ।
नयाँ शिल्प नयाँ विद्या, वरु ढिलो गराउला ॥
[२ [

[उल्कादशा]

विवाद झगडा खाली, खल्बलि-खुबमच्चिने ।
ज्वरो कष्ट भये इष्ट, धन नारी विमुखिने ॥
[१]
स्वगोत्री बन्धुमा फाटो, वैमनस्य र वैरता ।
मित्रमा व्यर्थमा झूटो, बाधा-बन्ध गराउला ॥
[२]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उल्कामा सब नै उल्का, नौलो दुःख सबै पर्‍यो ।
पर्दैछ पछि पर्नै छ, दशा चै छ शुरु हुन्छ यो ॥
[३]

[सिद्धादशा]

निजामती हुने पालो, सुख स्व बन्धु-बाट छ ।
धन औ गुण कीर्तिको, लाभ पत्नी विशेष छ ॥
[१]
सन्तान पुत्र नै होला, विद्यामा पनि निश्चयै ।
मिल्ने छ सिद्धि-सिद्धाले, दिंदैछ फलखास नै ॥

[शंकटादशा]

झगडा तकरा टन्टा, ज्वरो खुबै छ आउने ।
घरमा सबमा कष्ट, वसो वास कमै हुने ।
[१]
इच्छा विदेशमा जाऊँ, हुन्छ कष्ट त नृपले ।
दिनेछ सब संकष्टा, शंकटा ग्रहमा वुझे ॥
[२ [

[त्रिभागीमा सूर्यदशाफल]

वास विदेशको पर्छ, वियोग निजभाइको ।
उद्वेग मनमा चिन्ता, भय रोगादि चोरको ॥
[१]
कमाई पूर्वको ऐले, खर्च खूब हुंदै छ यो ।
चक्चके पर्छ वानी है, फल यस्तै छ सूर्यको ॥
[२]

[चन्द्रदशाफल]

सुवर्ण मणिको लाभ, घोडा हात्ती र पालकी ।
श्रेष्ठ वाहनको लाभ, शत्रुमा विजयी हुन्छनि ॥
[१]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बल वृद्धि सबै, स्वाद अन्न औ शयनासनैं ।
सुष्ठु - भोजन बन्नेछ, नयाँ गृह त खास नै ॥
[२]

] भौम दशाफल]

जोगिनु यसमा पर्छ, चोर औ राजबाट है ।
आगो लागि हुने रोग, योग सारा-शरीर नै ॥
[१]

मनमा भय उत्पन्न, सदा दुःखी छ चिन्तना ।
ज्वर कष्टादि पर्नेछ, द रिद्रय युक्त वेदना ॥
[२]

[राहु दशाफल]

बुद्धि उल्टो खुबै दीन, दुःखी चिन्ता गराउने ।
अङ्ग रोगी भयादि भो, जे़ल नेल छ कष्ट नै ॥
[१]

कति नै धनहोस् आफ्नो, निर्धनी बन्नु पर्छ नैं ।
भीर-खोच सधैं ऊँचा, जग्गा बाट छ लोट्नु नैं ॥

[गुरु-दशाफल]

अधिकार—महाँ डट्नु, चित्त स्वस्थ र धर्ममा ।
रुचि, शरीरमा स्वस्थ, राम्रो विचार शीलमा ॥
[१]

वित्तैछन् दिन यस्तै छ, सुरकागुरुको दशा ।
धन धान्यमहाँ वृद्धि, संगत् ऊँचोछ नित्य ता ॥
[२]

[शनि-दशाफल]

अपवाद सधैं झूटो, अरुमा व्यर्थ बाधक ।
बन्धु द्रव्य दुवै नाश, खास मित्र विवाद छ ॥
[१]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

झगड़ा सबभाईमा, बुद्धि विग्रचो नि व्यर्थमा ।
बन्ने काम सधैं खाली, विग्रनै पर्छ यस्महाँ ॥
[२]

] बुधदशाफल]

सुशीला-सुखभोग् शौकीन्, सन्तुष्ट हुन्छ पत्निमा ।
भोग-वैभवमा भव्य, भावना, भाग्य स्वर्णमा ॥
[१]

रत्नादि मिलने धान्य, धन्दा धातुमहाँ वढ़ी ।
व्यापार बुधमा बुझ्नु, वन्ने छन् बनियां जति ॥
[२]

[केतुदशाफल]

पत्नी र पतिमा पर्छ, वियोग विनकाम नै ।
द्रव्य हानि भई दीन, देलान्नि कष्ट दुर्जनै ॥
[१]

रोग वन्धु - महाँ वैर, वीरता विनकामको ।
व्यर्थैनै दिन्छ दुःखीमा, विदेशै वस्न पुग्छ यो ॥
[२]

[शुक्रदशाफल]

बगैंचा वनको प्राप्ति, शरीर स्वच्छ स्वस्थ छ ।
श्वेतच्छत्र भई प्राप्ति, प्राप्ति त्यस्तै छ द्रव्य त ॥
[१]

आयु उस्तै बढ़ेको छ, पुत्र पौत्रादि पाउने ।
जल खेती जहाँ पायो, किन्दा राम्रो छ शुक्रले ॥
[२]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अब विंशोत्तरीय सूर्यदशा

फल

झगड़ा घरमा द्रव्य, नाश नृपै भए पनि ।
उद्वेग मनमा चिन्ता हुने, औ भय रोग अनि ॥
[१]

उँचोमा धनको वृद्धि, कर्मचारी हुने छ यो ।
नीचोमा व्यर्थनै घुम्ने, बोल्ने व्यर्थ कुरा छ यो ॥
[२]

[चन्द्रदशाफल]

अधिकार-महाँ पुग्ने, लाभ मिल्ने छ नृपको ।
सङ्ग सज्जनको साथ, नाच गाना दुवै भयो ॥
[१]

चित्र वस्त्रादिले युक्त, घरमा वस्नु पर्छ यो ।
भइ भाषण भूषादि, शत्रुमा विजयी छ यो ॥
[२]

प्रेम सुन्दर–नारीमा, हात्ती रथ वनादि यी ।
मिल्ने छन् सब माथिका, चन्द्रको ग्रहमा भई ॥
[३]

[भौम दशाफल]

अग्नि अस्त्रादि आत्मीय, विषबाट हुने भय ।
विशेष हानि राजा र शत्रु गर्छन् असंशय ॥
[२]

पुत्र पत्नी कष्ट भोग्छन् पर्दामा भौमको दशा ।
शस्त्रादिले हुने कष्ट, सर्प ज्वर हुने हुंदा ॥
[२]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सन्ताप मनमा हुन्छ, नाश धन् यसमा भयो।
दशा भौममहाँ ख्याल, गर्नु राम्रो विचारि यो ॥
[३]

[राहुदशाफल]

कुदृष्टि नृपको पर्ने, धननाश प्रतिष्ठाको।
रोग बृद्धि पिताज्यूमा, कष्ट पर्ने विशेष हो॥
[१]
पत्नी पुत्रादिमा कष्ट, कष्ट मित्रादिले पनि।
दिंदा आक्रमणै गर्दा, खिन्न मन् त सधैं हुनि॥
[३]

[गुरुदशाफल]

भूमि उत्तम मिल्नेछ, मिल्नेछ भूप-मान नै।
सुशीला सुख नारीको, सवारी अरू मिल्छ नै॥
[१]
हात्तीमा चढने सुक्ख, सुख, सम्पत्तिले हुने।
शोभा गृह उँचा मित्र, प्रतिष्ठा शत्रु जीत ले॥
[२]
विद्यार्थी वर्गमा खास, राम्रो पर्छ पढाइमा।
विद्याक्षेत्र पऱ्यो जस्को, सफल्छ सबठाउँमा॥

[शनिदशाफल]

झूटो कलंक लाग्नेछ, व्यर्थैमा धन माशिने।
विवाद झगडा गर्दा, दरिद्री हुन्छ निश्चयैं॥
[१]
कुबुद्धि दोष अर्काको, क्षद प्रयोगले पनि।
चित्त भ्रम निचो संग, सन्तान पत्नी रोगि ति॥
[२]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पिता - नाश सुवर्णादि, हात्ती अश्वादि माशिनु ।
मित्रमा वैरता पर्ने, व्यर्थैमा सब नाशिनु ॥

[बुधदशाफल]

उच्च भोजन उस्तैछ, विहार यान-बाहन ।
सन्तान धन प्रतिष्ठा, वस्त्र भूम्यादि नूतन ॥
[१]

गृह सुन्दरी नारीको, संगतसज्जन उच्चको ।
काम भाव - महाँ वृद्धि, हात्ती वाहन सुक्ख भो ॥
[२]

सन्तान पुत्र नै हुन्छ, यश खाश वढ़ाउँछ ।
विद्या-व्यापार ता राम्रो, गणितादि प ढाउँछ ॥
[३]

] केतु दशाफल]

विकार चित्तमा पर्ने, ज्वरादि कष्ट पर्दछ ।
झगडा निजकैं दाजु, भाइमा घर बढ्दछ ॥
[१]

अरुको चुक्लीले गर्दा, वैमनस्य बढाउँछ ।
अनावश्यक मित्रादि - हरुमा भेद पार्दछ ॥
] २]

पेट दुख्ने विना सोच, मूर्खताले सबै धन ।
नाशिने नृपको दृष्टि, उल्टो पर्दैछ यिन्महाँ ॥
। ३ ।

[शुक्रको दशाफल]

नृपकै सम सुखादि प्रतिष्ठा मित्रमा हुने ।
उत्सवादि युवा केटी, हरुको सुख पाइने ॥
[१]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लक्ष्मी समान पत्नी छिन्, घरमा उद्यान कैयन ।
नयाँ रंङ्ग नुतन्वन्दै, होला गृह सुशोभन ॥
[२]
गान संगीतमा चित्त, बझाउँ कुन बादन ।
सत्वुद्धि गृहमा खासैं, राम्रोछ मन भावना ॥
[३]
(इति विंशोत्तरीय ग्रह दशा फलम्)

[ग्रहजाती ज्ञान]

विप्र छन् गुरु औ शुक्र, सूर्य मंगल क्षेत्रिमा ।
वैश्य बुध तथा चन्द्र, राहु र शनि शूद्रमा ॥
] १]
पर्दछन् फल हेर्दामा, गर्नु ख्याल उसै गरी ।
स्वामी या जुन जातीमा, लाभ दिन्छन् उसै सरी ॥
[२]
बृहस्पति तथा शुक्र, यिनले लाभ विप्रमा ।
सूर्य मंगल दूवैले, दिन्छन् क्षेत्रियमा जहाँ ॥
[३]
त्यस्तैं बुध तथा चन्द्र, ग्रहमा वैश्यको सबै ।
आंटेका सब नैं पुग्ने, हुन्छ योग बुझौं सधैं ॥
[४]

[ग्रहवर्ण ज्ञान]

रातो रङ्ग सू. मंगलको, सेतो शुक र चन्द्रको ।
बृहस्पति भयो पीत, हरियो बुधको पऱ्यो ॥
[१]
शनि-श्याम र राहुको, श्यामै वर्ण—महाँ पऱ्यो ।
शनि झैं गुण राहु र, केतुको पनि बुझ्नु यो ॥
[२]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

[ग्रह-स्वामी ज्ञान]

सूर्यका शिव स्वामी हुन्, चन्द्रकी चन्डिका भइन् ।
कुजका कार्तिके यादि हुन, बुधका विष्णु स्वामी छन् ।।
[१]

बृहस्पति परे ब्रह्मा, शुक्रका इन्द्र नै भये ।
शनि श्याम हुंदा स्वामी, काल नै यसका अरे ।।
[२]

मेष वृश्चिकका भौम, शुक्र औ वृषका तुला ।
बुध कन्या मिथुन यिन्का शशि स्वामी त कर्कका ।।
[३]

धनु र मीनका जीव, शनि मकर कुम्भका ।
सिंहका सूर्य स्वामी छन्, राहु स्वामी त बु कन्यका ।।
[४]

केतु मिथुनका स्वामी-क्रमशः विज्ञ भन्दछन् ।
जस्मा-जस्को स्वगृही छ, फल सुन्दर दिन्छन ।।
[५]

[अब मूहूर्त प्रकरण]

[बृक्षा रोपण मुहूर्त]

विशाखा वृक्ष, वैशाख, श्रावण शत्भिषा परे ।
मूल मार्ग महीनामा, रेवती कार्तिकै भये ।।
[१]

चित्राऽनुराध मृगमा, उत्तरा–त्रय–रोहिणी ।
हस्ताश्विनी र पुष्यादि, शु. चं. बु. वृ. सबै अति ।।
[२]

मास फाल्गुनमा हुन्छ, जुन्सुकै वृक्ष रोपंदा ।
उगने जसको जस्तो, प्रकृति बुझि सर्वदा ।।
[३]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

[पशुको गोठ सार्ने]

रिक्ताष्टमी अमावश्य, भौममा पशु सारनु ।
नोक्सानी यसमा पर्छ, पुगेमा यति बारनु॰।।
[१]

चित्रा श्रवण रोहिणी, उत्तरा–त्रयमा पनि ।
प्रवेश पशुको यात्रा, विग्रन्छ गर्नु हुन्ननि ।।
[२]

[सिलाई र दुकान खोल्ने]

रोहिणी उत्तरा तीन, रेवती पुष्य हस्तमा ।
चित्राऽनुराध मृगाश्वि शु. बृ. चं.शुभ वारमा ।।
[१]

अश्विनी·अनुराधामा, घनिष्ठा यसको भयो ।
चित्ता पुनर्वसू यिन्मा, सूची कर्म गरे भयो ।।
[२]

[औषधि खाने मुहूर्त]

पुष्य पुनर्वसू स्वाती, हस्ताश्विनी श्रवण् मूल ।
रेवती अनुराधामा, चित्रा मृग धनिष्ठा छ ।।
[२]

शत्भिषा रवि राम्रोछ, वार औषधि खानमा ।
आयुर्वेदीय अंग्रेजी, छिटं लाग्दछ यस्महाँ ।।
[२]

[जागीर खोज्ने मुहूर्त]

खोज्ने जागीर जस्लेहो, जस्को जुन्पदमा तब ।
नक्षत्र आंफनो देखि, गन्दै नक्षत्र मालिक ।।
[१]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जति संख्या पऱ्यो तीन, नक्षत्र शिरमा परे।
अगाडी मुखमा तीन पांच हृदयमा पुगे ॥
[२]
बाकी नक्षत्र पाउमा, पीठमा क्रमशै दुई।
चार नाभि-महाँ त्यस्तै, गुद-महाँ रहे अरू॥
[३]
दायांहात-महाँ एक, वायांमा पनि एक नै।
अर्थ लाभ विनाशादि, धान्य दारिद्रता दिने॥
[४]
प्राणै पुग्लानि सन्देह, शुभ और भय अर्थको।
क्रमशः फल बुझ्ने यो, विनाश-नाश पर्छ यो॥
[५]

[जागीरमा स्थायी हुने]

पैलो पर्छ जहाँ दोस्रो नक्षत्र स्वामी भृत्यको।
विघ्न बाधा छ स्थायी त, हुनमा क्रम बुझ्नु यो॥
[१]

[चुलो या चुलो पार्ने मुहूर्त]

जसमा सूर्य छन् पैले, उसै नक्षत्र दिन तक।
चार नाश शुभै चार, बांकी दारिद्र छैटमा॥
[१]
बाकी चार शुभै पर्छन, शेष पांच स्त्रि नाशक।
अन्त्य चार सुतै लाभ, फल खास विशेष छ॥
[२]

[जन्म र नाम राशि निर्णय]

देश गाउँ गृहै युद्ध, नोकरी रोजगारमा।
नाम राशि लिनू बांकी, अरूमा जन्म राशिमा॥
[१]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

[तेल घस्ने मुहूर्त]

रविमा ज्वर शोभा छ, चन्द्रमा क्रमशैः वुझौं ।
मंगलमृत्यु दिने वुध्मा धन आगम खूव् हुने ॥
[१]

गुरुमा धनको हानी, शुक्रमा दुख पर्छ नै ।
शनिमा सुख फल् यस्तो, वुझेर गर्नु काम कै ॥
[२]

[तेल लगाउने परिहार]

रविमा फूल राखेर, मंगलमाटो मिसी कन ।
गुरुमा दूध छोडेर, केही गोवर शुक्रमा ॥
[१]

बिधिले जुन माथि नै, लेखियो तेल घर्षण ।
गर्नालि शुभ नै हुन्छ, पर्दैन शोक कै लिन ॥
[२]

[पशु किन वेच गर्ने मुहूर्त]

पूर्वा तीनऽनुराधाको, पुनर्वसु र पुष्यमा ।
ज्येष्ठा मूल धनिष्ठा औं, हस्त रेवती आदिमा ॥
[१]

किननु वेचनू दुबै, पशुको शुभ हुन्छ लौ ।
शंका तर्क कुनै गर्नु, पर्दैन भन्छ शास्त्र नै ॥
[२]

[ऋण लिने र दिने मुहूर्त]

स्वाती पुनर्वसू पुष्य, विशाखा श्रवणै भयो ।
धनिष्ठा शत्भिषा अश्वि मृदु संज्ञक पार्नु यो ॥
[१]

चर लग्न महाँ ऋण, लिनु सज्जन लाभको ।
हुनेछ शुभ काम यस्ले, नगर्नु तर्क व्यथको ॥
[२]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लग्नदेखि नवौं पाँचौ, आठौंमा रिक्त पर्दछ ।
भौम सङ्क्रान्ति आदित्य, हस्त औ वृद्धि योग छ ।

[३]

योग मौका पऱ्यो यस्तो, लिंदा ऋण सधैं भरी ।
लिने हुन्छ ऋणी, दाता सुखी हुन्छ, सधैं भरी ॥

[४]

[ऋण दिंदा]

उग्र तिक्ष्ण, मिश्र, ध्रुव, यस्ता नक्षत्रमा सदा ।
ऋण व्याज दुवै डुब्छन, छैन संशय सर्वदा ॥

(१)

भूमिमा यदि गाड्ने हो, वा लाभ हेतुमा कहीं ।
माथिका योगमा फिर्ता, हुने छैन कवै-पनि ॥

[२]

[किन्ने बेच्ने मुहूर्त]

किन्ने नक्षत्रमा वेच्नु; बेच्ने नक्षत्रमा पनि ।
किन्नु हुँदैन यो ख्याल, गर्नु पर्छ सधैंभरी ॥

[१]

स्वात्याश्विनी शतभिषा, रेवती श्रवणादिमा ।
वस्तु नौलो नयां किन्दा, शुभ हुन्छ सबै–महाँ ॥

[२]

तीनै पूर्वा, विशाखा र, अश्लेषा भरणी दुवै ।
कृतिका बु. बृ. शु. च मा वेचनु वस्तु शुभ् बुझ्नै ॥

[३]

[अन्धा नक्षत्र]

धनिष्ठा पुष्य पू: षा, को, विशाखा उ. फ. रेवती ।
रोहिणी यिनको पर्छ, नाम अन्धादि संज्ञनु ॥

[१]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हस्ताश्विनी शतभिषा उ. षा. ऽश्लेषा मृगादिमा ।
अनुराधा–महां नाम, पर्दा मन्दाक्ष हुन्छ नै ।।
[२]
आर्द्र पू. भा. महाँ चित्रा, ज्येष्ठा औ भरणी जति ।
अभिजित् सब मध्याक्ष, मझौला चक्षु छन्यति ।।
[३]

चोरी भएको माल वस्तु

[गएको दिशा

अन्धमा पूर्वमा जानु-मन्द दक्षिणमा पुग्यो ।
मध्य पश्चिममा जानु, उदक् सुलोचनै भयो ।।
[१]

[अन्धादि नक्षत्रको फल]

अन्ध, संज्ञकमा मिल्नु, पर्छ शीघ्र हराउँदा ।
चोरी वा वस्तु मिल्नेछ, मन्दा क्षेमा गरीश्रम ।।
[१]
मध्य, संज्ञकमा टाढै, सामान पुग्नु पर्दछ ।
धेरै दिन बिते थाहा, पाई मिल्दैन निश्चय ।।
[२]
सुलोचन-महाँ वस्तु, पाइँदैन कदापि नै ।
सुनिदा पनि सूनिन्न, थाहा पत्ता नभै-नभै ।।
[३]

[अब ग्रहशान्ति प्रकरण]

[सूर्यको वैदिक मन्त्र]

ॐ आकृष्णेन रजसा वर्त्तमानो निवेशयन्नमृतम्मर्त्यऽच । हिरण्ययेन सविता रथेनादेवो याति भुवनानि पश्यन् ।।१।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

[चन्द्रमाको वैदिक मंत्र]

ॐ इमं देवाअसपत्न ६. सुवध्वं महते क्षत्राय महते ज्यैष्ठाय महते जान ज्यायेन्द्रस्येन्द्रियाय । इयममुष्य पुत्रममुष्यै विशऽएष वोऽमी राजा सोमोऽस्मा ब्राह्मणाना ँ राजा ॥२॥

[मंगलको वैदिक मंत्र]

ॐ अग्निमूर्द्धा दिवः ककुत्पतिः पृथिव्याऽअयम् । अपा ँ रेता ँ सि न्वति ॥३॥

[बुधको वैदिक मत्र]

ॐ उद्बुध्यस्वाग्ने प्रतिजागृहि त्वमिष्टापूर्त्ते ६· सृजेथामयं च । स्मिन्त्सधस्थेऽअध्युत्तरस्मिन् विश्वे देवा यजमानश्च सीदत ॥४॥

[वृहस्पतिको वैदिक मंत्र]

ॐ वृहस्पतेऽअति यदर्योऽअर्हाद् द्युमद्विभाति क्रतुमज्जनेषु । यद्दीदयच्छवस ऋतंप्रजाततदस्मासु द्रविणां धेहि चित्रम् ॥५॥

[शुक्रको वैदिक मन्त्र]

ॐ अन्नात् परिश्रुतो रसं ब्रह्मणा व्यपिबत् क्षयं पयः सोमं प्रजापतिः । ऋतेनसत्यमिन्द्रियं विपानं ६· शुक्रमन्धसऽइन्द्रस्येन्द्रियमिदं पयोऽमृतं धु ॥६॥

[शनिको वैदिक मन्त्र [

ॐ शन्नो देवीरभीष्टयऽआपो भवन्तु पीतये । शंय्योरभिस्त्रवन्तुनः ॥७॥

[राहुको-वैदिक मन्त्र]

ॐ कयानश्चित्रऽ आभुवदूती सदा वृधः सखा । कया शचिष्ठया ता ॥८॥

[केतुको वैदिक मन्त्र]

ॐ केतुं कृण्वन्न केतवे पेशो मर्याऽअपे शसे । समुषद्भि राजायथाः ॥९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हस्ताश्विनी शतभिषा उ. षा. ऽश्लेषा मृगादिमा ।
अनुराधा–महां नाम, पर्दा मन्दाक्ष हुन्छ नै ।।
[२]

आर्द्र पू. भा. महाँ चित्रा, ज्येष्ठा औ भरणी जति ।
अभिजित् सब मध्याक्ष, मझौला चक्षु छन्यति ।।
[३]

चोरी भएको माल वस्तु

[गएको दिशा

अन्धमा पूर्वमा जानु-मन्द दक्षिणमा पुग्यो ।
मध्य पश्चिममा जानु, उदक् सुलोचनै भयो ।।
[१]

[अन्धादि नक्षत्रको फल]

अन्ध, संज्ञकमा मिल्नु, पर्छ शीघ्रै हराउँदा ।
चोरी वा वस्तु मिल्नेछ, मन्दा क्षेमा गरीश्रम ।।
[१]

मध्य, संज्ञकमा टाढै, सामान पुग्नु पर्दछ ।
धेरै दिन बिते थाहा, पाई मिल्दैन निश्चय ।।
[२]

सुलोचन-महाँ वस्तु, पाइँदैन कदापि नै ।
सुनिदा पनि सूनिन्न, थाहा पत्ता नभै-नभै ।।
[३]

[अब ग्रहशान्ति प्रकरण]

[सूर्यको वैदिक मन्त्र]

ॐ आकृष्णेन रजसा वर्त्तमानो निवेशयन्नमृतम्मर्त्यञ्च । हिरण्ययेन सविता रथेनादेवो याति भुवनानि पश्यन् ।।१।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

[चन्द्रमाको वैदिक मंत्र]

ॐ इमं देवाअसपत्न ६. सुवध्वं महते क्षत्राय महते ज्यैष्ठाय महते जान ज्यायेन्द्रस्येन्द्रियाय । इयममुष्य पुत्रममुष्यै विशऽएष वोऽमी राजा सोमोऽस्मा ब्राह्मणाना ँ राजा ॥२॥

[मंगलको वैदिक मंत्र]

ॐ अग्निमूर्द्धा दिवः ककुत्पतिः पृथिव्याऽअयम् । अपा ँ रेता ँ सि न्वति ॥३॥

[बुधको वैदिक मत्र]

ॐ उद्बुध्यस्वाग्ने प्रतिजागृहि त्वमिष्टापूर्त्ते स ६ सृजेथामयं च । स्मिन्त्सधस्थेऽअध्युत्तरस्मिन् विश्वे देवा यजमानश्च सीदत ॥४॥

[बृहस्पतिको वैदिक मंत्र]

ॐ वृहस्पतेऽअति यदर्योऽअर्हाद् द्युमद्विभाति क्रतुमज्जनेषु । यद्दीदयच्छवस ऋतंप्रजाततदस्मासु द्रविणां धेहि चित्रम् ॥५॥

[शुक्रको वैदिक मन्त्र]

ॐ अन्नात् परिश्रुतो रसं ब्रह्मणा व्यपिवत् क्षयं पयः सोमं प्रजापतिः । तेनसत्यमिन्द्रियं विपानं ६ शुक्रमन्धसऽइन्द्रस्येन्द्रियमिदं पयोऽमृतं धु ॥६॥

[शनिको वैदिक मन्त्र [

ॐ शन्नो देवीरभीष्टयऽआपो भवन्तु पीतये । शंय्योरभिस्त्रवन्तुनः ॥७॥

[राहुको-वैदिक मन्त्र]

ॐ कयानश्चित्रऽ आभुवदूती सदा वृधः सखा । कंया शचिष्ठया ता ॥८॥

[केतुको वैदिक मन्त्र]

ॐ केतुं कृरावन्न केंतवे पेशो मर्याऽअपे शसे । समुषद्भि राजायथाः ॥९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

[नवग्रह तांत्रिक मन्त्र]

सूर्य—ॐ घृणिः सूर्याय नमः ।। चन्द्रमा—ॐ सों सोमाय नमः ।। मंगल—ॐ अं अंगारकाय नमः ।।बुध—ॐ बुं बुधाय नमः ।। गुरु—ॐ बृं बृहस्पतये नमः । शुक्र—ॐ शुं शुक्राय नमः ।। शनि—ॐ शं शनैश्चराय नमः ।। राहु—ॐ रां राहवे नमः ।। केतु—ॐ कें केतवे नमः ।।

[नवग्रह दान र जप विधि]

[सूर्यको दान जप]

मणि, गहूँ, वाच्छी सहीतको गाई, गुड, कमलको फूल, रातो चन्दन, रातो कपडा, सुन, तामा यथा शक्यदान, जप संख्या ७००० मात्र ।।

[चन्द्रमाको दान]

चामल, सेतो कपडा, सेतो चन्दन, सेतो फूल, चांदी, चीनी, घीउ, सेतो, सेतो गोरु, दही, शंख, मोती, कपूर इत्यादि यथाशक्यदान् । जप संख्या ११००० एघार हजार मात्र ।।

[मंगलको दान]

मूगा, भूमिदान, मसूरको दाल, गहूँ, रातो गोरू, गुड़, रातो चन्दन, रातो वस्त्र, रातो फूल, सुन, तामा, केशर, कस्तूरी यथाशक्य कुलघरान अनुसार दान र १०,००० जप गराउँनु ।

[बुधको दान]

कास्य पात्र, हरियो कपड़ा, हात्तीको दाँत, घीउ, मूंगा, पन्ना शस्त्र, सु अनेक फूल, कपूर, षट्रस भोजन उपलब्ध र शक्ति अनुसार दान गर्नू । जप संख्या ९००० छ ।

[गुरुको दान]

पहेंलो अन्न, पहेंलो कपडा, पहेलो फल फूल, सुन, पुष्पराज, बेसार पुस्तक, लवण, शक्खर, छाता, भूमिदान गर्ने गरा उने र जप १९००० वृहस्पतिवार पारेर गर्नु पर्दछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

[शुक्रको दान

सेतो चन्दन, चामल फूल अनेक रंगवाला वस्त्र चांदी, हीरा, सुन, घीउ, ी, घोडा-गाई, शक्खर, सुगन्ध भएको वस्तु। शुक्रवारका दिन १६००० प गराउनु पर्दछ।

[शनिको दान]

नीलम, तेल, माष, तेल, कालो वस्त्र, फल फूल, गहत, फलाम, भैंसी, ाली गाई, जुत्ता, कस्तूरी, सुन यथा उपलब्ध यथा शक्य दान गर्ने र शनि रमा २३००० जप गराउने॥

[राहुको दान]

सात अन्न, माष, सुनको नाग, नीलो कपडा, गाइको गोवर, काल्लो फूल ल, तरवार, तेल, फलाम नाङ्लो, कम्बल, तिल सहीतको ताम्र पात्र, ावाको भांडो, कटौरा] यथाशक्य आफ्नो कुल परम्परा अनुसार शनि मंगल ार मध्ये कुनै वार पारी दान र १८००० जप गर्नु गराउनु।

[केतुको दान]

कस्तूरी, मास, कम्बल, वैदूर्य, कालो फूल, कालो कपडा, तिल, तेल, फलाम, ीको [वाख्राको] शस्त्र, सात अन्न, सुन, यथा शक्य दान गर्ने गराउने। पसंख्या १७००० मात्र छ।

[दुष्ट पञ्चांगको दान]

विवाहमा वर कन्या दुवै या कुनै एकको लागि विवाह योग लग्न हेर्दा ोग दुष्ट रहेछ भने सुन, चन्द्रमा दुष्ट रहेछ भने शंख, करण दुष्ट भए ान, तिथि दुष्ट चामल, दिन दुष्ट भए रत्न, नक्षत्र दुष्ट भए गाई, नाडी ुष्ट भए सुन, तारा दुष्टभए सिधे नुन दान गरेर काम गर्नु।

विशेष उपर्युक्त ग्रह दान र जपको काम ग्रहको नामका वारमा गर्नु र्दछ जस्तै सूर्यको आइतवार, चन्द्रमाको सोमवार, मंगलको मंगलवार ्रमशः राहु केतु र शनिको शनिवारमा नै शान्ति स्वस्ति काम गर्नु पर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(११) अध्याय ४ श्लो० ३ द्वारा संपूट पाठ यज्ञ या जप गर्नाले सामुहिक कल्याण।

(१२) अध्याय १२ श्लो: १७ द्वारा संपूट पाठ या पृथक जप गर्नाले दुस्वप्न जन्य क्लेश दु:ख आपत्तिको निवारण र सुख प्राप्ति। जति भयंकर खतरनाक स्वप्न देखें पनि यो मन्त्र जपेमा त्यो स्वप्नको नराम्रो फलको प्रभाव आफूमा पर्दैन।

(१३) अध्याय ४ श्लोक २३ द्वारा संपूट या पृथक पाठ या जप गर्नाले शत्रुनाश-हुने छ।

(१४) अध्याय ४ श्लो० १६ द्वारा संपूट या पृथक जप गर्नाले यो काम बन्ला कि न बन्ला भने जस्ता काम जो गरि सकिएको छ यो मन्त्र सिद्धि द्वारा सफलहुने।

(१५) अध्याय ४ श्लो० १५ द्वारा संपूट पाठ या मन्त्रजप गर्नाले सुख प्राप्ति, दारिद्रयता दुखको विनाश हुनेछ।

(१६) अध्याय १ श्लो० ७५ द्वारा संपूट या मन्त्र जप गर्नाले सम्पूर्ण प्रारंभ हुंदै जाने कर्म काम या लक्ष्य उद्देश्यहरु पुगि आउने। कुनै पनि काम गर्न थाल्नु पूर्व यो विधि गर्नू।

(१७) अध्याय १ श्लो० ५७ द्वारा संपूट पाठ या अखण्ड जप गरेमा या कसैले कैदीको नाममा गराई दिएमा जेलबाट छूट्नेछ।

(१८) अध्याय २ श्लोक ९ द्वारा संपूट या ३०,००० जप गर्नाले सम्पति प्राप्ति हुने।

(१९) अध्याय १ श्लो. १५ संपूट या जप गर्नाले शत्रु उन्मूलन।

(२०) अध्याय ११ श्लो. ३ द्वारा संपूट पाठ जप परि आएको आपत्ति र विघ्न बाधालाई नाश गर्दछ सर्वोत्तम उपाय।

(२१) अध्याय ४ श्लो. ३४ संपूट या जप गर्नाले संपूर्ण कार्यमा सफलता।

(२२) अध्याय ५ श्लो. ११ द्वारा संपूट या जप दैनिक गर्नाले विद्यामा सफलता परीक्षामा उत्तीर्ण, वाणी जन्य दोष समाप्त।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(२३) अध्याय ११ श्लो. २९ संपूट गर्नाले रोगबाट मुक्ति कस्तै जटिल रोग पनि घट्दै जाने र असर कम हुनेछ ।

(२४) अध्याय १ श्लो. ५५ द्वारा संपूट या दैनिक कसैको नाम पारेर गरिदिने हो भने संमोहन हुन्छ । अर्थात् आंफू प्रति आकर्षित र मेल मिलाप गर्न आउँदछ ।

(२५) अध्याय ३ श्लो. ४० द्वारा संमारण कार्य सफल हुन्छ । १०,००००० दश लाख जप समौंको तेल र तोरीको तेलबाट दशांश हवन गर्नाले तत्काल सिद्धि । तर विधि पुऱ्याउन नसके आफ्नै मृत्यु हुन संभव पर्दछ ।

(२६) अध्याय ११ श्लो. २७ द्वारा सिद्ध गरेर बालकलाई झार फूक गर्नाले बालकको रोग ठीक हुने । यो वाल वेथा फुक्ने मन्त्र नि हो

(२७) अध्याय १३ श्लो. १७ द्वारा संपूट या जप गर्नाले स्वराज्य लाभ प्राप्त हुने, सत्तामा भएकाले गरेमा सत्ता न खोसिने, सत्ताको लागि संघर्ष गर्नेले गरेमा सत्ता प्राप्ति हुने । व्यक्तिगतमा गुमाएको यश कीर्ति धन लाभ गराउनेछ ।

(२८) अध्याय ११ श्लो. ५४ द्वारा संपूट या जप गर्नाले महामारी रोग विनाश हुने ।

(२९) अध्याय ११ श्लो. ३९ द्वारा संपूट या जप गर्नाले सम्पूर्ण बाधा नाश, धन धान्य पौत्रादि, शत्रुनाश सिद्ध हुने ।

(३०) अध्याय ४ श्लो. १७ द्वारा संपूट या दैनिक जप गरेमा या आफ्नो नाममा गराउन लगाएमा दारिद्र्य दुखादि र सम्पूर्ण परिआउने आपत्ति विनाश ।

(३१) अध्याय १३ श्लोक २८ द्वारा संपूट पाठ या मानसिक जप गरेमा सम्पूर्ण मनोरथ पूर्ति । आंटे ताकेका कामहरू निर्विघ्न पुग्ने छन् ।

(३२) अध्याय ५ श्लो. ८१ को उपल्लो आधा मन्त्र द्वारा संपूट चन्डी पाठ गर्नाले सबै जसो काम निर्विघ्न पूरा हुन्छन् । आंटेको पुग्दै जान्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(३३) अध्याय ११ श्लो. १२ द्वारा संपूट चण्डी पाठ गर्ने या गराई दिनाले विपत्ति निवारण, सम्पूर्ण आंटे ताकेका काममा सफलता मिल्ने ।

(३४) अध्याय ११ श्लो. ५ संपूट या सधैं पाठ गर्नाले या मानसिक उपांशु जाप [उपांशु जाप भनेको ओठ हल्लनु पर्ने तर शब्द आवाज कसैले न सुनोस] गर्नाले या मानसिक [मनमा स्मरण भै रहोस बाहिर कसैले थाहा न पाओस] जाप गर्नाले मोक्ष प्राप्ति । आशय हो देवी सिद्धि भएर दुर्गा कै शरणमा तल्लिन हुन पुग्नु ।

(३५) अध्याय ४ श्लो० २४ द्वारा संपूट चण्डी पाठ गर्नाले सबै प्रकारको विपत्तीबाट रक्षा हुन्छ । यो आत्म रक्षा मन्त्र हो, शस्त्र राख्नु भन्दा बढी यो शक्ति दायक छ ।

(३६) अध्याय ११ श्लो० ८ द्वारा संपूट चण्डी पाठ या जाप गर्नाले स्वर्ग प्राप्ति वा मुक्ति ।

(३७) अध्याय ११ श्लो. ६ द्वारा संपूट या जाप गर्नाले समस्त विद्या-हरूमा पढ्ने रुचि जाग्ने, स्त्री हरूमा मातृभाव ।

(३८) अर्गलास्तोत्र श्लोक० ९ पाप नाश तथा मुक्ति प्राप्ति ।

(३९) अध्याय ११ श्लो० १० द्वारा सम्पूट चन्डी पाठ गर्नाले कल्याण प्राप्ति हुने ।

(४०) अर्गलास्तोत्र श्लो. १५ द्वारा संपूट या पृथक जाप गर्नाले भुक्ति भोग र मुक्ति दुवैको उद्देश्य पूर्ति हुने ।

(४१) अध्याय ११ श्लो. १२ द्वारा संपूट गर्नाले विविध परि आउने उपद्रवहरुको नाश हुने ।

(४२) अध्याय ११ श्लोक ३५ द्वारा संपूट या मानसिक जाप गर्नाले देवी-लाई खुसी पार्न सकिने । देवीलाई खुसी पार्न सकेमा वाञ्छित सिद्धि सबै मिल्दछ ।

(४३) अध्याय ११ श्लोक ३३ द्वारा संपूट लक्षचण्डी गर्दामा विश्वको नै अभ्युदय अर्थात् तृतीय विश्वयुद्धलाई रोक्न सकिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(४४) अर्गलास्तोत्र श्लोक २४ द्वारा संपूट चन्डी पाठ या मानसिक जाप गर्नाले सुलक्षणा पत्नी प्राप्ति। विवाहको बराउनी गर्न जानु भन्दा पहिले यो विधि गरेर जानु। Love marriage गर्न चाहने हरुले पनि यो विधि गरेर नै केटी भए केटाको खोजी, केटो भए केटीको खोजी गर्न लागोस छिटै सम्बन्ध स्थापना हुन्छ।

(४५) अध्याय ५ श्लो. ८१ द्वारा संपूट पाठ या मानसिक जाप गर्नाले विपत्ति नाश र सुख प्राप्ति।

(४६) दुर्गेदेवी नमस्तुभ्यं, सर्व कामार्थ साधिके।
मम सिद्धिमसिद्धि वा स्वप्नं सर्वं प्रदर्शय॥

सप्तशती पाठ गर्दा यो उपर्युक्त श्लोक आदि अन्त्यमा लगाएर संपूट पाठ गर्नाले सिद्धि र असिद्धि स्वप्नमा जान्ने क्षमता आउँदछ।

(४७) अध्याय ११ श्लो. ७ द्वारा संपूट या सधैं मानसिक जाप गर्नाले स्वर्ग र मोक्ष प्राप्ति।

(४८) अध्याय ४ श्लो. १५ द्वारा संपूट पाठ या मानसिक जाप गर्नाले जीवनमा सबै प्रकारको अभ्युदय॥

(४९) अर्गलास्तोत्र श्लोक १२ द्वारा संपूट गर्नाले महामारी विनाश-अभ्युदय।

(५०) अध्याय ११ श्लो. २४ 'सर्वे स्वरुपे०' द्वारा संपूट गर्नाले भय, डर, त्रास नाश।

(५१) अध्याय ११ श्लो. २९ 'रोगान शेषा'० द्वारा संपूट या जपनाले रोग बाधा नाश।

(५२) 'अर्गला स्तोत्र' श्लो. १ 'जयन्ति'० द्वारा संपूट या पृथक जप गर्नाले महामारी विनाश हुनेछ।

(५३) अध्याय ४ श्लो. ३ द्वारा संपूट या जप गर्नाले सामुहिक कल्याण हुनेछ।

(५४) अध्याय ४ श्लो. ५ 'या श्री स्वयं०' द्वारा संपूट चन्डी पाठ यज्ञ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गर्नाले विश्वको कल्याण र रक्षा [तृतीय विश्वयुद्ध रोक्ने उपाय] हुनेछ।

(५५) हे देवी जगतां मातः सृष्टि स्थित्यन्त कारीणि।
नन्द गोप सुतं कान्तमस्भ्यं देहि सुव्रते ॥

यो श्लोक द्वारा संपूट शतचन्डी, शहस्त्र चन्डी वा लक्ष चन्डी गर्नाले या गराई दिनाले ग्रहको दोषले सन्तान नभएकालाई पुत्र प्राप्ति हुने छ। निर्धक्क गर्नु।

(५६) 'ऐं' यस एकाक्षरी द्वारा चन्डी पूटक पाठ गर्नाले (१०० सौ आवृत्ति गर्नाले] विद्यामा रुचि जाग्ने, विद्याक्षेत्रमा सफलता।

(५७) 'ह्रीं' यस वीजबाट सम्पूट पाठ गर्नाले ७ दिन तक लगातार १३ आवृत्ति प्रतिदिनका हिसाबले संपूट चन्डी पाठ गर्नाले उच्चाटन कार्यमा सफलता मिल्दछ ॥

(५८) "श्रीं" यस वीजले संपूट पाठ १५ या २ आवृत्ति प्रतिदिन पाठ गर्नाले लक्ष्मी प्राप्ति विशेष लक्ष्मी प्राप्तिको लागि ४९ दिन तक पाठ गर्ने।

(५९) आफ्ना इष्ट देव प्रसन्नताको लागि आफ्नो इष्ट वीज मन्त्रले संपूट पाठगर्नु।

(६०) अध्याय १२ श्लोक १६ द्वारा "शान्ति कर्मणि" यस श्लोकले संपूट चन्डी पाठ गरेमा दुःस्वप्न र अशुभ ग्रह जन्य दोष विनाश।

(६१) अध्याय १२ श्लो. १७ [उपसर्गाः शमं०] द्वारा संपूट पाठ गर्नाले दुस्वप्नजन्य दोष तथा ग्रह अशुभ दोषको शान्ति।

(६२) अध्याय १२ श्लो. १९ [दुर्वृत्तानाम०] द्वारा संपूट गर्नाले भूत पिशाचादिको दोष शान्ति हुने वा यस मन्त्रको उच्चारण सधैं गर्नाले भूत पिशाचादिको दोषवाट सुरक्षा हुने। भूत वायु फुक्ने मन्त्र पनि यही हो।

(६३) अध्याय १२ श्लोक ३० [मम प्रभावा०] द्वारा संपूट गर्नाले दस्यु वैरीको हार हुने। यदि सधैं यो मन्त्र श्लो. जप स्मरण गर्दै गरिन्छ भने शत्रु बाघ र दस्यु गुण्डा टाढा बाटै तर्केर हिंड्दछन्। अर्थात् कि कसैले केही गर्न सक्दैनन्।

(६४) अध्याय १२ श्लोक ४१ स्तुता संपूजिता] द्वारा संपूट पाठ गर्नाले धन पुत्र धर्म प्रति श्रद्धा र शुभ गति प्राप्ति हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(६५) अध्याय ११ श्लोक १० [सर्व मंगल मंगल्ये०] द्वारा संपूट पाठ गर्नालि सम्पूर्ण इच्छा सिद्धि ॥

(६६) अध्याय ११ श्लोक १२ [शरणागत०] द्वारा संपूट पाठ गर्नाले शत्रु नाश र आफ्नो शारीरिक रक्षा हुने ।

(६७) ॐ ऐं, ह्रीं, क्लीं चामुण्डायै विच्चे नमः" यो नवार्ण मन्त्र हो, चण्डी पाठगर्दा यस मन्त्रले संपूट गर्नु पर्दछ अर्थात् पाठ प्रारम्भ गर्दा र पाठ सके पछि १०८ वार ।

(६८) कात्यायनी तन्त्रोक्त अनुसार जुनसुकै श्लोक सप्तशतीको पाठ गर्दा आदि र अन्त्यमा ॐ प्रणव लगाएर पाठ गरेमा सिद्धि मिल्दछ ।

(६९) 'जात वेदस०' यो ऋचा आदि र अन्त्यमा लगाएर सप्तशती पाठ गर्नालि सम्पूर्ण मनले जुन विषय सम्बन्धि इच्छा छ पुग्दछ ।

(७०) "त्र्यम्बकं०" यस मन्त्र द्वारा संपूट चण्डी या पृथक सवा लाख जप गर्नाले या गरिदिनाले अल्पमृत्यु निवारण हुन्छ । मन्त्र यस प्रकारछ ॐ भूर्भूव स्वः हौं जूं स त्र्यम्बकं यजामहे सुगन्धि पुष्टि वर्धनम् । उर्वारुकमिव वन्धनात् मृत्योः मुक्षीयमामृतात् ॐ भूर्भूवः स्वः रौं जूं. सं. हों ॥ आदिमा १०० बार अन्त्यमा १०० वार भन्ने वुझ्नु पर्दछ ।

(७१) प्रति श्लो. "शूलेन पाहिनो देवी०" यो श्लोक द्वारा संपूट चन्डी पाठ गर्नालि अपमृत्यु निवारण हुन्छ । बालक या वुढा-युवा सबैलाई शूल चढेमा हूपगएमा फुकी दिने मन्त्र पनि यहि हो । यो श्लोक मन्त्र १००, १००० या १०००० मध्ये सम्भव संख्या जति जपे पनि सिद्ध हुन्छ ।

(७२) प्रति श्लोक "शरणागत०" यो श्लोक द्वारा संपूट पाठ गर्नालि सबै कार्य सिद्धि मिल्ने । अर्थात् आंटे ताकेको सबै पुग्ने ॥

(७३) प्रति श्लोक "करोतुसानः०" यस श्लोक द्वारा संपूट गरेमा सबै कार्य सिद्धि ॥

(७४) एवं देव्या बरं लब्ध्वा०" यस श्लोक द्वारा संपूट चन्डीपाठ गर्नालि आफ्नो अभिष्ट आंफूले सोचेको काम पुग्ने हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(७५) "दुर्गे स्मृता". यो श्लोक द्वारा प्रति श्लोक संपूट पाठ गर्नाले सबै किसीमको आपत्ति र कठिनाईबाट लाभ मिल्ने । काम अनुसार १०००। १०,००० वा एक लाख जप्ने ।

(७६) सर्व वाधा प्रशमनं०" यो श्लोक द्वारा संपूट चण्डी पाठ या एक लाख अलग जपेमा श्लोकमा बताए अनुसारको फल मिल्ने ।

(७७) 'इत्थं यदा यदा'० यो श्लोक द्वारा संपूट चण्डीपाठ या अलग यथा संख्य जप गर्नाले महामारी शान्ति ।

(७८) ज्ञानिनामपि चेतांसि०' यस श्लोक द्वारा संपूट पाठ या श्लोकको वीचमा आंफूले चाहेको व्यक्तिलाई या कुनै केटीको नामलाई राखे र जप गर्नाले त्यो व्यक्ति या केटी शीघ्र मोहित हुन्छ । हुन्छे यो अनुभव सिद्ध हो भनिएकोछ मूल संस्कृतमा ।

७९. इत्युक्तासा तदा देवी० 'यो श्लोक द्वारा संपूट या पृथक् अलग-अलग जपनाले विद्याप्राप्ति, वाक्य अशुद्ध शुद्ध वाणी हुने ।

८०. भगवत्या कृतं सर्व० यो श्लोक संपूट या १०८ पटक जपनाले सबै वाञ्छित फल दिने र सर्वापत्ति निवारण गर्नेछ ।

८१. देवी प्रपन्ना० यो श्लोक द्वारा संपूट चण्डी पाठ आफ्नो काम अनुसारले प्रतिश्लोक संपूट चण्डी पाठ या १००।१००० या १००००० या यसभन्दा-बढ़ी जप गर्नाले सबै आपक्ति निवृत्ति बाञ्छित काम पूरा हुने ।

८२. प्रति श्लोक काम बीज सम्पुटित गरेर ४१ एक चालीस दिनतक दिनको त्रिरावृतो तीन आवृत्ति गर्नाले सबै काम आंटेको पुग्दछ ।

८३. २१ दिन प्रयत्न उपर्युक्त रीतिले प्रति द्वादश १२ आवृत्ति गर्नाले ।

८४. 'अर्गलास्तोत्रम्' सधैं पाठ गर्नाले आफ्नो सुरक्षा हुन्छ ।

८५. 'दुर्गा सप्तशतीमा' 'दूर्गा कवच' आदिमा नवार्ण मन्त्र 'ॐ ऐं ह्रीं क्लीं चामुन्डायै विच्चे नमः ७ या २१ आवृति जाप गरी वीचमा कवच पाठ गर्नाले अन्तिममा पाठ गरे पछि नवाण मन्त्र फेरि ७।२१ पटक नित्य सधैं जपनाले सम्पूर्ण किसीमको रक्षा र लाभ मिल्दछ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

[सम्पूर्ण २४ गायत्री]

१. ॐ एकदन्ताय विद्महे वक्रतुण्डाय धीमहि ।। तन्नो दन्तिः प्रचोदयात् ।
२. ॐ उग्र नृसिंहाय विद्महे वज्रनखाय धीमहि ।। तन्नो नृसिंहः प्रचोदयात् ।
३. ॐ नारायणाय विद्महे महादेवाय धीमहि ।। तन्नो विष्णुः प्रचोदयात् ।
४. ॐ देवकीनन्दनाय विद्महे वासुदेवाय धीमहि ।। तन्नो कृष्णः प्रचोदयात् ।
५. ॐ वृष भानुजायै विद्महे कृष्ण प्रियायै धीमहि ।। तन्नो राधाः प्रचोदयात् ।
६. ॐ महालक्ष्म्यै विद्महे विष्णु प्रियायै धीमहि ।। तन्नो लक्ष्मी: प्रचोदयात् ।
७. ॐ महाज्वालाय विद्महे अग्निदेवाय धीमहि ।। तन्नो अग्निः प्रचोदयात् ।
८. ॐ सहस्रनेत्राय विद्महे वज्रहस्ताय धीमहि ।। तन्नो इन्द्रः प्रचोदयात् ।
९. ॐ सरस्वत्यै विद्महें ब्राह्मपुत्र्यै धीमहि ।। तन्नो देवी प्रचोदयात् ।
१०. ॐ गिरिजायै विद्महे शिव प्रियायै धीमहि ।। तन्नो दूर्गा प्रचोदयात् ।
११. ॐ अंजनी सुताय विद्महे वायु पुत्राय धीमहि ।। तन्नो मारुति प्रचोदयात् ।
१२, ॐ पृथ्वीदेव्यै विद्महे सहस्र मूर्त्यै धीमहि ।। तन्नो पृथ्वी प्रचोदयात् ।
१३. ॐ भास्कराय विद्महे दिवाकराय धीमहि ।। तन्नो सूर्योः प्रचोदयात् ।
१४. ॐ दशरथे विद्महे सीता वल्लभाय धीमहि ।। तन्नो रामः प्रचोदयात् ।
१५. ॐ जनक नन्दिन्यै विद्महे भूमिजयै धीमहि ।। तन्नो सीता प्रचोदयात् ।
१५. ॐ क्षीर पुत्राय विद्महे अमृततत्वाय धीमहि ।। तन्नो चन्द्रः प्रचोदयात् ।
१७. ॐ सूर्य पुत्राय विद्महे महाकालाय धीमहि ।। तन्नो यमः प्रचोदयात् ।
१८. ॐ चतुर्मुखाय विद्महे हंसा रुढाय धीमहि ।। तन्नो ब्रह्मा प्रचोदयात् ।
१९. ॐ जल बिम्बाय विद्महे नील पुरुषाय धीमहि ।। तन्नो वरुणोः प्रचोदयात् ।
२०. ॐ नारायणाय विद्महे वासुदेवाय धीमहि ।। तन्नो नारायणाय प्रचोदयात् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२१. ॐ वाणीस्वराय विद्महे हयग्रीवाय धीमहि ।। तन्नो हयग्रीवो प्रचोदयात् ।

२२. ॐ परमहंसाय विद्महे महाहंसाय धीमहि ।। तन्नो हंसः प्रचोदयात् ।

२३. ॐ तुलस्यै विद्महे विष्णु प्रियायै धीमहि ।। तन्नो वृन्दा प्रचोदयात् ।

२४. ॐ भूर्भूवः स्व÷तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि । धियोयोनः प्रचोदयात् ।

२५. ॐ कात्यायनै च विद्महे कन्या कुमार्यै धीमहि । तन्नो दूर्गा प्रचोदयात् ।

[मृत संजिवनी मन्त्र]

ॐ ह्रीं ह्रीं वं वं ऐं ऐं मृतसंजिवनी विद्येमृतमुत्थापयोत्थापय क्रीं ह्रीं ह्रीं वं स्वाहा । सूचना—मरणाशन्न भएका व्यक्तिको नाममा यो मन्त्र सवा लाख संख्यामा जाप गर्ने या गराई दिएमा पुनः जीवन धारण गर्दछ । मर्न आंटेको भए पनि मर्दैन । यदि आयु बांकी रहेछ भने ।

शापोध्दार मन्त्रः—ॐ ह्रीं क्लीं श्रीं क्रां क्रीं [चण्डिका देव्यै] चण्डिके देवी शापानुग्रहं] कुरु कुरु स्वाहा' ।

उत्कीलन मन्त्रः— ॐ श्रीं क्लीं ह्रीं सप्तशती चण्डिके उत्कीलनं कुरु कुरु स्वाहा' ।

मृतसंजिवनी मन्त्रः— ॐ ह्रीं ह्रीं वं वं ऐं ऐं मृतसंजीवनि विद्ये मृत मुत्यापयोत्थापय क्रीं ह्रीं ह्रीं वं स्वाहा ।

[रुद्राऽभिषेक विधि

१. षडङ्ग रुद्राऽभिषेक —१ आवृत्ति पूरा पुस्तक पाठ ।

२. एक रुद्राऽभिषेक लघु —११ आवृत्ति पाठ गर्दा ।

३. रुद्राऽभिषेक —११ रुद्रि पाठ गर्दा ।

४. शतरुद्राऽभिषेक —१२१ रुद्री पाठ ।

५. महारुद्राऽभिषेक —१३३१ रुद्री पाठ ।

६. अति रुद्राऽभिषेक —१४६४१ रुद्री पाठ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu